Jana Aakash National Weekly

www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- २२ २०८१ साल माघ ८ गते मंगलबार (Jan 25, 2025) www.janaakash.com.np



**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


## काठमाडौंमा एक सय ३८ कन्या कुमारीको बेलविवाह

**काठमाडौं–** नेवारी परम्परामा ईहि अर्थात् बेलविवाहको प्रचलन रहेको छ । बेल विवाह नगरेका एक सय ३८ जना कन्या कुमारीको पूजा सम्पन्न भएको हो ।



काठमाडौं महानगरपालिका १२ वडा ह्युमतमा रहेको ह्युमत महिला समूहको आयोजनामा तेस्रो पटक आयोजना गरेको पूजामा एक सय ३८ कन्याहरूलाई बज्रयान पूजाविधि अनुसार पूजा अर्चना गरिएको थियो ।

सर्वप्रथम वसन्तपुरस्थित राजकीय कुमारीको पूजा पश्चात् पूजा सुरु गरिएको थियो । पूजामा टोलका आठ जना थकालीहरूको उपस्थिति रहेको थियो ।

## प्रधानमन्त्रीसँग इजरायलका राजदूतको शिष्टाचार भेट

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपालका लागि इजरायलका राजदूत स्मुलिक ए बासले शिष्टाचार भेट गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज भएको भेटमा द्विपक्षीय सम्बन्ध र आपसीहितका विविध विषयका साथै सूचना प्रविधि, लगानी, पर्यटन, रोजगारी, कृषिको आधुनिकीकरण, शिक्षा र संस्कृतिलगायत पारस्परिक साझेदारीका बारेमा विचार विमर्श भएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

त्यस अवसरमा राष्ट्रियसभाका सदस्य एवं इजरायलका लागि पूर्वनेपाली राजदूत डा. अञ्जान शाक्य र परराष्ट्र मन्त्रालयका उच्च अधिकारीको सहभागिता थियो ।

# बाकेमा गोही गणना शुरू



बाँकेको राप्ती नदीमा घडियाल गोहीको गणना सुरु गरिएको छ । प्रत्येक वर्षझैँ यस वर्ष पनि राप्ती नदीमा छाडिएका घडियाल गोहीको सर्वेक्षण तथा निरीक्षणका साथै गणना सुरु गरिएको हो ।

बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी संरक्षण अधिकृत मन्दीप पँगेनीका अनुसार राप्ती नदीमा यसअघि पटक-पटक छाडिएका घडियाल गोहीको पनि गणना कार्य हुँदै आएको छ । "गोहीको अवस्थाको जानकारी लिनका लागि गणना सुरु गरेका छौँ", उनले भने, "शनिबार दुई घडियाल गोही र एउटा मगर गोही फेला पार्यौं, नदीमा गोही रहनसक्ने सम्भावित क्षेत्रमा सर्वेक्षण गरेर उनीहरूको अवस्थाबारे जानकारी लिँदैछौँ ।"


गणना गर्नका लागि निकुञ्जका कर्मचारी सहित समुदायका केही 'सिटिजन साइन्टिस्ट' सहभागी रहेको उनको भनाइ थियो । "गोहीको संरक्षण गर्ने दायित्व स्थानीय समुदायको पनि भएको हुनाले हामीले स्थानीय समुदायका केही व्यक्तिलाई यसका बारेमा तालिम दिने र विभिन्न कार्यक्रममा सहभागी बनाएर उहाँहरूलाई गोही संरक्षणका बारेमा जानकारी दिने गरेका छौँ", उनले भने, "गोहीको गणनामा पनि स्थानीय समुदायका केही सिटिजन साइन्टिस्टलाई सहभागी बनाएका छौँ, यसबाट उहाँहरूले गोहीका बारेमा थप जान्नुहुनेछ र गोही संरक्षणमा उहाँहरू अग्रसर हुनुहुनेछ ।"

बाँके र दाङको सिमानामा पर्ने शिव खोलाबाट राप्ती नदीमा गोहीको गणना कार्य सुरु गरिएको सूचना अधिकारी पँगेनीले जानकारी दिएका हुन् । "हामीले नदीको कुसुम, अगैयालगायत क्षेत्रमा रहेका घडियालसहित अन्य गोहीको पनि अवस्था जानकारी लिँदैछौँ", उनले भने, "हरेक वर्ष गोही ल्याएर छाडेर मात्र हुँदैन, उनीहरूको अवस्था के छ ? कति जीवित छन् ? उनीहरूको आहाराको अवस्था के कस्तो छ ? जस्ता कुराहरूको जानकारी सर्वेक्षण, निरीक्षण र गणनाबाट मात्रै लिन सकिने हुँदा केही वर्षयता हरेक वर्ष राप्ती नदीमा गोही गणना गर्दै आइरहेका छौँ ।"

गत वर्ष मात्र चितवनबाट १४ घडियाल गोही ल्याएर राप्ती नदीमा छाडिएको थियो । हरेक वर्ष उनीहरूको अवस्थाका बारेमा जानकारी लिनका लागि निकुञ्जले गोहीको सर्वेक्षण, निरीक्षण तथा गणना गर्दै आएको जनाएको छ । घडियाल गोही सङ्कटापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बङ्गलादेश, भूटान, म्यान्मालगायत देशहरूमा समेत पाइने घडियाल हाल नेपाल र भारतमा मात्रै पाइन्छन् ।

नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन, प्रदूषण, माछा मार्नेलगायत कारणले गोहीका प्राकृतिक बासस्थानमा क्षति भइरहेको र बाढी आउँदासमेत गोही बगेर जाने गरेका छन् । सन् १९४० को दशकमा यसको संख्या विश्वमा १० हजार जति रहेको पाइन्छ । सन् १९७० मा त्यसको दुई प्रतिशत मात्रै संख्या अस्तित्वमा रहेको पाइएपछि संरक्षणमा चासो बढ्दै गएको संरक्षणकर्मी बताउँछन् । प्राकृतिक सरक्षण हुन नसके गोही लोप हुन सक्ने प्राकृतिक विज्ञहरुको भनाई आउने गरेको छ ।

# अमेरिकामा टिकटक चल्न छाड्यो किन ?



**काठमाडौं–** चिनियाँ कम्पनीले सञ्चालन गरेको सामाजिक सञ्जाल टिकटक अमेरिकामा चल्न छाडेको छ ।

सरकारी प्रतिबन्ध कार्यान्वयनमा आउनुअगावै सूचना जारी गरेर टिकटकले अमेरिकामा एप्लिकेशन नचल्ने बनाएको अमेरिकी अखबार द न्यूयोर्क टाइम्सले लेखेको छ ।

छोटा भिडियोका लागि चर्चित टिकटकको चिनियाँ स्वामित्व ६ महिनाभित्र बिक्री नगरे प्रतिबन्ध हुने गरी अमेरिकाको 'हाउस अफ रिप्रिजेन्टेटिभ'मा विधेयक पारित भएको थियो ।

तर, यसविरुद्ध अमेरिकी अदालतलमा मुद्दा समेत परेको थियो । यद्यपि, पछिल्लो समय अदालतले प्रतिबन्धको निर्णय सदर गरिदिएपछि टिकटकले सूचना जारी गरेर अमेरिकामा सेवा बन्द गरेको हो ।

न्यूयोर्क टाइम्सले उल्लेख गरेअनुसार, अमेरिकी संघीय कानून अनुसार आइतबारबाट टिकटकमाथि प्रतिबन्ध लाग्दै थियो । तर, केही समयअघि टिकटकले सूचना जारी गरेर एप्लिकेशन नचल्ने बनाएको हो ।

'अमेरिकामा टिकटकलाई प्रतिबन्ध लगाउने कानून लागू गरिएको छ, दुर्भाग्यवश, यसको मतलब तपाईंले अहिलेका लागि टिकटक प्रयोग गर्न सक्नुहुन्न । हामी भाग्यशाली छौं कि राष्ट्रपति ट्रम्पले पद सम्हालेपछि टिकटक पुनःस्थापना गर्न समाधन गर्न हामीसँग सहकाई गर्ने संकेत गरेका छन् ।

कृपया अपडेटका लागि पर्खनुस्', अमेरिकी प्रयोगकर्ताले टिकटक खोल्ने वित्तिकै यो सूचना देखाइएको छ । राष्ट्रपतिका रुपमा पदभार ग्रहण गर्नुअघि ट्रम्पले टिकटकलाई थप ९० दिन समय दिनसक्ने बताएका थिए । सोमबारबाट उनले जिम्मेवारी सम्हाल्दैछन् । एनबीसी न्यूजसँग कुरा गर्दै ट्रम्पले शनिबार भनेका थिए, 'मलाई लाग्छ, टिकटकलाई थप ९० दिन समय दिने निर्णय उपयुक्त हुनसक्छ, मैले त्यो निर्णय गरेँ भने सोमबार घोषणा गर्नेछु ।'

अमेरिकाले टिकटक बन्द गर्नु पछाडि राष्ट्रिय सुरक्षामा चुनौतिलाई कारण देखाएको थियो । अमेरिकामा सरकारी कर्मचारीका लागि पहिल्यैदेखि टिकटक प्रतिबन्धित थियो ।


# प्रेमिकाले धोका दिए पछि आफ्नै शरीरमा लगाए आगो

**काठमाडौं–** मोरङको उर्लाबारी नगरपालिका-६ मा प्रेमिकाले धोका दिएको आरोप लगाएर एक जना पुरुषले आफ्नै शरीरमा आगो लगाएका छन् ।




झापाको दमक नगरपालिका वडा नम्बर-७ घर भएका ४० वर्षीय विनोद थापाले पेट्रोल छर्किएर आगो लगाएका हुन् । उर्लाबारी नगरपालिका-६ स्थित अन्नपूर्ण खाजा घरमा गएर उनले आफ्नै शरीरमा आगो लगाएको जिल्ला प्रहरी कार्यालय मोरङका डीएसपी वेदप्रकाश जोशीले रातोपाटीलाई बताए । थापाको विराट टिचिङ अस्पतालमा उपचार हुँदैछ ।

अन्नपूर्ण खाजा घर झापाको दमक नगरपालिका-३ घर भएकी २८ वर्षीय इन्द्र लिम्बुले सञ्चालन गरेकी हुन् । इन्द्रले आफूलाई धोक दिएको विनोदको आरोप छ । उनीहरू दुवैजना विवाहित हुन् । प्रहरीले इन्द्रलाई सोधपुछ गरेर परिवारको जिम्मा लगाएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २२, २०८१ साल माघ ८ गते मंगलबार (Jan 21, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –


### अपराध हुन नदिन अग्रीम तयारी गरौं ।

*नेपाळमा अपराध नियन्त्रण चुनौतीको विषय हुदै आएको छ । विभिन्न खाळका जधन्य अपराधहरू हुदै आएका छन् । त्यस्ता घ्टना घ्टीसकेपछि अनुसन्धान गर्ने र हो हल्ला गर्ने नेपाळी प्रवृति त छदैछ । त्यसपछि हत्यारा, बळत्कारी, अपरणकारीळाई प्रहरी प्रसाशनळे कारवाही गरेन भनेर तिनै घ्टनमाथि फोहोरी अर्थहिन राजनीति गर्ने जमात पनि नेपाळमा छदैछ । जतिवेळा आगो बल्छ त्यसमा घ्यिउ थपेर झनै आगो बाल्ने चळनळे नेपाळको अपराध नियन्त्रण अनुसन्धान जस्ता विषयमा निक्कै कठिनाय देखिराखेकै छ । यस्ता घ्टनाहरू बारम्बार दोहोरी राखेकै छन् । कतिपय घ्टनामा दोषि पत्ता ळगाएर प्रहरी प्रसाशनळे कानूनी कारवाही समेत गरेको छ भने कतिपय अपराधिहरू त समात्न समेत सकेको छैन ।*

*यस्तै यस्तै विषयहरूमा समाजमा अनेक खाळका प्रश्नहरू उठिरहेका छन् । अपराध नेपाळमा मात्र होइन विश्वका जुनसुकै देशमा पनि हुन्छन् । तर फरक यति हुन्छकी विकसित र अत्यन्तै मानवीय संवेदनशीळ अपनाउने देशहरूमा अपराध हुन नदिनको ळागि अग्रीम तयारीहरू हुने गर्दछन् । कुनै आश्चार्य घ्टना भयो भने त्यस्ता घ्टना आउदा दिनमा घ्टन नदिन के के उपायहरू अपनाउनु पर्ने हो त्यसको अग्रीम तयारी गरेर अनुसन्धानहरू गर्ने गर्दछन् र उनिहरूळे विगतका घ्टना जस्तो अरू घ्टना वा अपराध हुन दिदैनन् ।*

*ति घ्टना अपराध के के कारणळे समाजको वा पारिवारिक वा अन्य कसरी घ्टना गयो भनेर रिसर्च गरेर रिसर्चको आधारमा अर्थात अनुसन्धानको आधारमा त्यस्ता कार्यहरू गर्ने गर्दछन् । नेपाळमा कसैळे नदेखिने गरी गरेका भए त्यस्ता अनुसन्धानहरू भए होळान् । तर देखिने गरी र मानिसहरूको विश्वास हुनेगरी प्रभावकारी अनुसन्धानहरू भएको पाइएको छैन । त्यसकारण नेपाळमा हुने गरेका धेरै जति अपराधहरू पटक पटक दोहोरिने खाळका छन् । त्यसको नियन्त्रणको ळागि अग्रीम अनुसन्धानको तयारी गरेर मानवीय संवेदनशीळ अपनाउन र राष्ट्रको प्रतिरक्षा प्रणाळीको विकास गर्न कतिपनि पछि पर्नुहुदैन ।*

# अदालत र फैसलामा हुने ढिलाइको निराकरण



दामोदर पौडेल

*अंशमुद्दाको फैसळा भयो र ४० वर्षभन्दा ज्यादा समयपछि कुनै पक्षळे जित्यो । त्यो जितेको केही समयमा नै ती व्यक्ति मरे । ४० वर्ष दुःख गरेर, ळाखौं खर्च गरेर, पीडा सहेर मुद्दा जितिन्छ र त्यो जितेको उपळब्धि राम्रोसँग प्राप्त गर्न नसक्दै मर्ने अवस्था आउँछ भने त्यो दुःखद हो । यसको निराकरण आवश्यक छ, त्यो पनि यही जनशक्तिबाट ।*

ढिलो न्याय दिनु भनेको नदिनु बराबर हो भन्ने गरिन्छ । अदालतले नै अरुले अन्याय गरे न्याय दिने हो तर अदालतले नै समयमा न्याय सम्पादन गर्न नसकेमा कसले न्याय दिने भन्ने सवाल स्वाभाविकरुपमा नै उठ्छ । हामीले अरु कार्यालय कतिपय विषयमा बारम्बार अनिर्णयको बन्दी बनेको भन्ने सुन्ने गरेका छौँ । यो संविधान २०७२ सालमा लागू भएकोमा हाम्रा सरकारहरुले संविधानको कानुनी पक्षसम्म पनि पालना नै गर्न सकेका छैनन् ।

सरकारले गरेको गल्तीलाई ढाकछोप गर्ने कार्य सरकारलाई ठीक ठाउँमा ल्याउने निकायबाट पनि भएजस्तो अर्थ लाग्ने गरेको छ । उदाहरणको लागि वर्तमान संविधानको धारा ३०४ को १ मा यो संविधान प्रारम्भ हुँदाका बखतमा कायम रहेका नेपाल कानुन खारेज वा संशोधन नभएसम्म लागू हुनेछन् र यो संविधानसँग बाझिएको कानुन यो संविधान बमोजिमको संघीय संसद्को पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ भन्नेसमेत उल्लेख छ । शिक्षा ऐन २०२८, संविधान आएको लगभग दश वर्ष हुन लाग्दा पनि संविधान अनुरुप बन्न सकेको छैन ।

संविधानको अनुसूची ८ को ८ नं. मा आधारभूत र माध्यमिक शिक्षासम्बन्धमा सम्पूर्ण अधिकार स्थानीय सरकार अर्थात् पालिकालाई दिएको छ । शिक्षा ऐनको दफा १२ मा अहिले पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समितिका सदस्यहरुले आफूमध्येबाट छान्ने उल्लेख छ । पालिकाहरुले स्थानीय ऐन बनाएर वडाबाट व्यवस्थापन समितिको अध्यक्ष बनाउनेसमेतका व्यवस्था गरे । त्यो कार्य संविधान अनुरुप हो भन्ने आधार छन् । तर संविधान अनुरुप नरहेको शिक्षा ऐन २०२८ लाई नै आधार मानेर व्यवस्थापन समितिको अध्यक्ष हुने गरी माग पनि भए । सर्वोच्च अदालतबाट यससम्बन्धमा फैसलासमेत भएको जानकारीमा आएको छ । संविधानको व्यवस्थालाई टेकेर यो संविधानपछि बनेको संसद्ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को २ को ज.को ७ मा प्रस्ट त विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापनका बारे ऐन बनाउने अधिकार पालिकालाई प्रदान गरेको छ ।

यसरी वर्तमान संविधान बनेपछि संविधान र संविधानको मर्मअनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्थाअनुसार विद्यालयको व्यवस्थापन समिति बनाउने अधिकार पूर्णतः पालिकाले बनाएको कानुनअनुसार हुने हो । पहिलाको कानुन त संविधान र संविधान बनेपछि यही संविधानको आधारमा बनेको कानुनको व्यवस्था विपरीत रहेको हदसम्म स्वतः निष्क्रिय हुनुपर्ने हो र सो आधारमा शिक्षा ऐन २०२८ को व्यवस्था पनि निष्क्रिय हुनुपर्ने देखिन्छ । तर संविधान र संविधानअनुसार बनेको कानुन विपरीत रहेको शिक्षा ऐनको व्यवस्थालाई नै मान्यता दिनु भनेको संविधान मानेको भन्दा पनि संविधानले नै अस्वीकार गरेको कानुनलाई मान्याता दिनु हो । यो अस्वाभाविक लाग्छ । जहिले पनि अदालतको आदेशको सम्मान गर्दै प्राविधिक पक्ष भने एक-अर्काका मेल नखाएको देखिएको हदसम्म प्रस्ट हुन उपयुक्त देखिन्छ ।

यस्तो अवस्थामा हाम्रो आस्थाको केन्द्रविन्दु र न्यायको धरोहर सर्वोच्च अदालतले सरकार र व्यवस्थापिकालाई यो आदेश भएपछि बस्ने संसद्बाट संविधानअनुसार शिक्षा ऐनको यथासम्भव छिटो तर्जुमा गर्नु भन्ने संविधानले नै मागेको आवश्यकताको सन्देश दिनुपर्ने हो र त्यो गर्न ढिलो नै भएको छ, जस्तो लाग्छ ।

अर्कोतर्फ अदालतहरु मुद्दाका चाङहरुको बोझले थिचिएको छ, नागरिकहरुले न्याय पाउन ढिलो भएको छ भन्ने भावनाहरु अदालतबाहिर र भित्रबाट आएका छन् । निश्चित समयभन्दा ज्यादा चलेका मुद्दाहरुलाई अभियानअन्तर्गत राखिएका पनि छन् । तैपनि त्यसको उपयुक्त प्रतिफल प्राप्त भएको जस्तो लाग्दैन, मूलतः संख्याको हिसाबले । सर्वोच्च अदालतमा त मुद्दाहरुको बाढी नै छ र पुराना मुद्दाहरु बढी रहेका छन् भन्ने सुनिने गरेका छन् । अर्कोतर्फ केही वर्षपहिला अंशमुद्दाको फैसला भयो र ४० वर्षभन्दा ज्यादा समयपछि कुनै पक्षले जित्यो । त्यो जितेको केही समयमा नै ती व्यक्ति मरे ।

४० वर्ष दुःख गरेर, लाखौँ खर्च गरेर, पीडा सहेर मुद्दा जितिन्छ र त्यो जितेको उपलब्धि राम्रोसँग प्राप्त गर्न नसक्दै मर्ने अवस्था आउँछ भने त्यो दुःखद हो । यसको निराकरण आवश्यक छ, त्यो पनि यही जनशक्तिबाट । यो सम्भव पनि छ । के हामी सबै तयार छौँ ? मुद्दामा लामो बहस नगर्ने र आवश्यक बुँदामात्र बहस गर्ने हो भने अर्को पक्षका कानुन व्यवसायीहरुले गर्ने लामो बहसले गर्दा समयको व्यवस्थापनलाई ध्यान दिने कानुन व्यवसायी नजान्ने र आफ्ना पक्ष र अरुको अगाडि पनि निरीहजस्तो देखिने गरेको छ । अर्थात् इमानदारी नै कमजोरीजस्तो बन्न सक्छ ।

न्याय छिटो गर्नको लागि सबैभन्दा पहिलो प्रयास कानुन व्यवसायीबाटै हुन अवश्यक छ । बहसमा मुद्दाको निर्णयको लागि यो निर्णायक विषय हो, यो महत्वपूर्ण विषय हो र यो सामान्य विषय हो भनेर २ मिनेटमा आफ्ना भनाइ राखी निर्णायक विषयहरुमा कानुनी र नजिरजन्यसमेतका विषयमा करिब १० मिनेटमा आफ्नो भनाइ सक्न सक्ने सम्भावना धेरै मुद्दामा रहन्छ । जस्तै मुद्दामा पनि २० मिनेटमा विवादका मुख्य पक्षलाई राख्न सकिन्छ । न्यायाधीशले पनि कुन निर्णायक हो, कुन महत्वपूर्ण र कुन सामान्यसम्म भए पनि मुद्दामा निर्णायक होइन भन्नेमा ध्यान दिन सक्नुपर्छ ।

अभियानका अर्थात् पुराना मुद्दाहरुको लागि सबै कानुन व्यवसायीहरुलाई एक पेजमा नबढाई मुख्य अर्थात् निर्णायक विषय, कानुनी प्रावधान र आफ्नो पक्षको जित्ने आधारका भनाइ बहस नोटमा राख्न लगाउने र बहस गर्न आवश्यक भएर गरेमा १० मिनेटभन्दा ज्यादा समय नलिने व्यवस्था भएमा झन्डै एक तिहाइ समय थपिन जान्छ । कानुन व्यवसायीका १ घण्टा र त्यसभन्दा लामा बहसहरुको जिस्ट त एक पेजको भन्दा ज्यादा हुँदैन नै ।

बहस नोटलाई प्राथमिकता दिने र बहस नोट स्थायी प्रमाण हो, लामो बहस नै मुद्दा जित्ने आधार होइन भन्ने सन्देश मुद्दाका पक्षहरुमा जाने वातावरण हुन आवश्यक छ । कतिपय लामा बहसहरुले मुद्दाको वास्तविक निर्णायक विषयलाई नै ओझेलमा पार्ने र सबैलाई अलमल्याउने सम्भावना हुन्छ । त्यसैले छोटा बहसहरु आफ्नो हितमा हुन्छन् भन्ने सोच पक्षहरुमा विकास हुनै पर्छ ।

अर्कोतर्फ न्यायाधीशहरुले इमानदारीका साथ चलेका मुद्दाहरुमा मुद्दाको लागि निर्णायक प्रमाण फिराद र प्रतिउत्तरपत्रमा नै पेस छन् र आधिकारिकता छ भने मुद्दालाई निराकरण गरिहाल्न तयार हुनुपर्छ । निर्णायक प्रमाण हुँदाहुँदै प्रधानरुपमा आवश्यकता नै नभएका प्रमाणहरुका आदेशले मुद्दाहरुलाई लम्ब्याएका छन् । न्यायाधीशहरुलाई यससम्बन्धमा सचेत गर्ने र निर्णायक प्रमाण पेस भइसकेपछि अरु प्रमाणहरु बुझ्ने न्यायाधीशहरुको कार्यक्षमताको बारेमा पनि अभिलेख राख्न सकिन्छ । यसरी उचित प्रमाणहरु प्राप्त भएपछि अरु अपरिहार्य नभएका प्रमाणहरु बुझ्ने कार्यबाट पनि न्याय दिन एक तिहाइ जति ढिलाइ भएको हुनसक्छ ।

त्यस्तै जग्गाको नापनक्साजस्ता कार्यहरु तथा सर्जमिनसमेतका कार्यहरुको लागि पालिकाका वडाहरु तथा पालिकाका अमिनहरुलाई नै लगाउने अर्थात् अधिकार दिने हो भने र त्यसै अनुसार तालिम दिने र गलत गरेमा सजायको व्यवस्था हुने हो भने नापनक्सा र सर्जमिनको कारणले ढिलो भएका मुद्दाहरुसमेत छिटो निराकरण हुन्छन् ।

न्याय सम्पादन गर्दा माथि उल्लिखित कार्य भएमा यही जनशक्तिबाट नै अहिलेको सबैजसो बोझलाई कम गर्दै अन्त्य गर्न सकिन्छ । कहिलेकाहीँ कानुनअनुसार फैसला गर्दा मर्का पर्ने व्यक्तिको कल्याण गर्न सकिँदैन भन्ने अवस्था पनि आउने गर्छ । त्यस अवस्थामा मात्र मेलमिलाप तथा अन्य माध्यम अपनाएर न्याय दिनको लागि केही गर्न सकिन्छ कि भनेर उचित प्रयास वा ढिलाइ हुनसक्छ । त्यसको लागि ढिलो गर्न पर्नाको उचित कारण न्यायकर्ताले उल्लेख गर्न सक्ने व्यवस्था हुनसक्छ । त्यस टिपोटलाई अरु कार्यमा प्रयोग गर्न नसकिने र उनीहरुका तालुक पक्षले मात्र हेर्न सक्ने व्यवस्था र वातावरण हुन पनि सक्छ । अदालतबाट आदेशअनुसार पेस गर्न पर्ने प्रमाण सरकारी निकाय, अन्य संस्थाले दिन ढिलो गरेमा वा उचित जवाफ नदिएमा त्यो कार्य नसिहतको विषय हुने कानुनी व्यवस्था गर्न सकिन्छ । जोसँग हुने प्रमाण हो उसले पेस नगरेमा सो प्रमाण उसको विरुद्ध लाग्ने रहेछ भनेर अदातलले अनुमान गर्ने प्रमाण ऐन २०३१ को व्यवस्थालाई प्रभावकारी बनाउँदा पनि मुद्दाको छिटो निराकरण हुनसक्छ ।

अस्थायीरुपमा मुद्दा छिटो निराकण गर्ने अर्को माध्यम सर्वोच्च अदालतमा पुराना मुद्दाहरुमा सहयोगको लागि हाल पेसमा नरहेका वा नरहन चाहने पूर्वप्रधानन्यायाधीश तथा न्यायाधीशहरु एवं वरिष्ठ अधिवक्ताहरुमध्ये चाहना राख्नेहरुको न्यायिक समूह बनाउन सकिन्छ । पुराना मुद्दाहरु निराकरण गर्न उनीहरुलाई दिनमा १० बजेदेखि ५ बजेसम्म अदालतमा ल्याउने, लग्ने, बस्ने र खाने व्यवस्था गर्ने तथा न्यायाधीशहरुको अतिरिक्त कामसरह भत्ता दिने र एकजनालाई दिनमा एक वा ज्यादा मिसिल दिने व्यवस्था हुनसक्छ । उनीहरुले राम्रोसँग अध्ययन गरेर राय बेन्चमा पेस गर्ने गरेर पेसीको दिनभन्दा केही दिनपहिला उनीहरुलाई मिसिल दिने र त्यसलाई इजलासले हेरेर मुद्दामा सहयोगी सामग्रीको रुपमा लिने परिपाटी राख्दा पनि मुद्दा छिटो निराकरण गर्न सहयोग हुनसक्छ । यो कार्यले कानुन व्यवसायीहरुको बहस नोटलाई प्रतिस्थापन गर्नु भने हुँदैन ।

***(लेखक पौडेल वरिष्ठ अधिवक्ता हुनुहुन्छ ।)***

# गीत संगीतमा अमूल्य योगदान पुऱ्याउँदै गायक रूपक डोटेल



काठमाडौं- नेपाली गीत सङ्गीत क्षेत्रका एक परिचित नाम हो गायक रुपक डोटेल । उनले लामो समयदेखि गीत सङ्गीत क्षेत्रमा आफ्नो अमूल्य समय बिताउँदै आएका छन् भने डोटेलले गाएका गीतहरू नेपाली साङ्गीतिक क्षेत्रमा इतिहास समेत रच्न सफल भएका छन् ।

स्याङ्जा जिल्लामा जन्मिएका डोटेलले आफ्नो कला र स्वरको जादुले गीत सङ्गीतमा आफूलाई व्यापक रूपमा परिचित बनाएका छन् । लामो समयदेखि साङ्गीतिक क्षेत्रमा लागेका डोटेल आधुनिक, पप गायकका रूपमा परिचित रहेका छन् । उनले गीत सङ्गीतको विभिन्न विधामा आफ्नो आवाजको जादु प्रस्तुत गरेका छन् । ५ सयभन्दा बढी गीत रेकर्ड गरिसकेका डोटेलका गीतहरूले नेपाली गीत सङ्गीत क्षेत्रमा आफ्नो छुटै पहिचान बनाएका छन् । चलचित्रका गीतदेखि आधुनिक, लोक गीत सम्मका गीतहरू गाएर उनी निकै चर्चामा आएका छन् ।

उनको आवाजमा रहेको चलचित्र "प्रसाद" को प्रसिद्ध गीत "बनकी चरी" अझै पनि जिवितै छ । यो गीतको माध्यमबाट गायक डोटेलले आफूलाई प्रमुख गायकको रूपमा स्थापित गरेका छन् । यस्तै उनको "चंखे शंखे पंखे" फिल्मको गीतले पनि ठुलो सफलता प्राप्त गरेको छ ।

सङ्गीत क्षेत्रमा आफ्नो यात्रा निरन्तर अघि बढाउँदै आएका गायक रुपक डोटेल आफूले गुजारेको सङ्गीत जीवन र भविष्यका योजनाबारे कुरा गर्दै, उत्कृष्ट सङ्गीतको सृजनामा लाग्ने अठोट व्यक्त गर्दछन् । आफूले गाएका गीतहरू भविष्यमा पनि नेपाली सङ्गीतका लागि अमूल्य बन्ने विश्वास व्यक्त गरेका छन् ।

# उपत्यकामा १६० गाडीको प्रदूषण जाँच गर्दा १०० वटा फेल



काठमाडौं- काठमाडौं महानगरपालिकाले काठमाडौं उपत्यकामा गरिरहेको सवारी प्रदूषण परीक्षणले डरलाग्दो तथ्य देखाएको छ ।

२९ पुसबाट थालिएको सवारी परीक्षणको सोमबारसम्म डिजेलबाट चल्ने १४० वटा र पेट्रोलबाट चल्ने २० गरी १६० वटा सवारी साधनको जाँच भएको छ । यीमध्ये डिजेलबाट चल्ने ९४ वटा र पेट्रोलबाट चल्ने ६ वटा सवारी फेल भएका छन् ।

सोमबार काठमाडौं चक्रपथ सुकेधारा भएर गुडिरहेका ४० वटा डिजेलका सवारी साधनको प्रदूषण चेकजाँच गर्दा ७८ प्रतिशत अर्थात् ३१ वटा फेल भेटिए महानगरले जनाएको छ । यस्तै ६ माघमा टेकुमा ४० वटा सवारी साधन परीक्षण मध्ये ३३ वटा फेल भएका भेटिएका थिए ।

यस्तै ४ माघमा सिनामंगल क्षेत्रमा २० वटा सवारी साधनको चेकजाँच गर्दा १० वटा प्रदूषण मापदण्ड बाहिरका पाइएको थियो । ३ माघमा पानीपोखरी क्षेत्रमा २० वटा सवारी साधनको चेकजाँच गर्दा १४ वटा फेल भएका साधन थिए ।

२ माघमा गते जमल क्षेत्रमा २० वटाको चेकजाँच गर्दा ६ वटा फेल थिए । पहिलोपटक २९ पुसमा बबरमहलमा २० वटा परीक्षण गर्दा ६ वटा फेल थिए ।

यसरी गरिएको परीक्षणमा मापदण्डबाहिर रहेका सवारी साधनलाई मर्मत गर्न, त्यसपछि पुनः परीक्षण गराउन र मापदण्डभित्र मात्र सञ्चालन गर्न कबुलियतनामा गराइएको महानगरले जनाएको छ ।

वायु प्रदूषण नियन्त्रणका प्रयासमध्ये सवारी साधनबाट निस्कने प्रदूषक तत्व न्यूनीकरण तथा नियन्त्रणका लागि महानगरपालिकाको वातावरण व्यवस्थापन विभागले नेपाल सरकारको वातावरण विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय र महानगर प्रहरी बलसँगको सहकार्यमा स्थलगत चेकजाँच गरिरहेको छ ।

# राष्ट्रिय निकुञ्जका अधिकृतहरूले भने : अतिक्रमण भएका जग्गाको लालपुर्जा नबाँडियोस्

काठमाडौं- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणमा देखिएका समस्या सम्बोधन गर्न निकुञ्जका अधिकृतहरूले समयानुकूल हुनेगरी कानुन परिमार्जन गर्नुपर्ने सुझाव दिएका छन् ।

सोमबार राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित समितिको बैठकमा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृतले तत्कालीन लाभ नहेरी दीर्घकालीन सोचका आधारमा राष्ट्रिय निकुञ्ज र वन्यजन्तुमैत्री कानुन निर्माण गर्न सुझाव दिए ।

राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण व्यवस्थापनमा स्रोत अभाव रहेको जानकारी गराउँदै उहाँहरूले जलवायु परिवर्तनको असरले निकुञ्ज क्षेत्रमा खानेपानी र पोखरीको अभावले पनि केही चुनौती खडा गरेको बताए ।

वरिष्ठ संरक्षण अधिकृतहरूले जङ्गली जनावरबाट मध्यवर्ती क्षेत्रका जनतालाई आक्रमण हुँदा तत्काल उद्धार तथा उपचार कोष र केन्द्रको व्यवस्थाको प्रबन्ध गर्न सुझाव दिए ।

राज्यले राजस्व उठाउनेतर्फ मात्र नभई राष्ट्रिय निकुञ्जकबाट पर्यटन प्रवर्द्धन, होटल व्यवसाय र रोजगारी सिर्जनामा पुऱ्याएको योगदानलाई समेत भुल्न नहुने जनाउँदै उनहरूले मध्यवर्ती क्षेत्रका जनताले झेल्नुपरेको समस्या समाधान गर्न विशेष खाले योजना र बजेटको व्यवस्थाका लागि पहल गरीदिन अनुरोध गरे ।

राष्ट्रिय निकुञ्ज आर्थिक समृद्धिका लागि पर्यटक भित्र्याउने मुख्य थलो भएकाले हिमाल, नदी, वन्यजन्तु, धार्मिकस्थल तथा जीव र वनस्पतिको संरक्षणमा राज्यले विशेष ध्यान पुऱ्याउनु पर्ने उनीहरूको भनाइ थियो ।

विभिन्न परियोजना र आयोजनाको नाममा प्रकृति सम्पदाको दोहन भइरहेकाले त्यसलाई रोक्न पर्ने बताउँदै वरिष्ठ संरक्षण अधिकृतले निकुञ्जले अतिक्रमणमा परेको भनी किटानी गरेको स्थानमा बसोबासका लागि लालपुर्जा वितरण गर्ने कार्य नहोस् भनी सुझाव दिए ।

पूर्वाधार निर्माण गरिँदा वातावरण र वन्यजन्तुमैत्री हुनुपर्ने आवश्यकता औँल्याउँदै उनीहरूले संरक्षणको कार्य स्थानीय, निजी र सरकारी संयन्त्रको साझेदारीमा हुँदा फलदायी हुनेतर्क गरे । उनीहरूले वातावरणको समुचित सन्तुलन हुने गरी कानुन निर्माणमा ध्यान पुऱ्याउन सुझाव समेत दिए ।

यसअघि सदस्यहरूले राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रका जनताबीचको सहकार्य तथा मानव र वन्यजन्तुबीच भइरहेको द्वन्द्व घटाउन चाल्नुपर्ने कदमका बारे जानकारी माग गरेको थियो ।



# रामेछाप डायरी

## बोलङ्ग बोलङ्ग,गोठगाउँ र शैलुङ्गमा टेलिकमको टावर बनेको तिन वर्षसम्म पनि सञ्चालनमा आएन



रामेछापको दुर्गम गाउँ बोलङ्ग बोलङ्गमा टेलिकमको टावर बनेको तिन वर्षसम्म पनि सञ्चालनमा आउन नसकेको भन्दै स्थानियले गुनासो गरेका छन । रामेछापको रामेछाप नगरपालिका वडा नं ४ बोलङ्ग बोलङ्ग भौगोलिक रुपमा विकट गाउँ हो । मगर समुदायको बाहुल्यता रहेको यो गाउँमा अझै नेपाल टेलिकमको टावर टिप्न कि रूख चढ्नुपर्छ कि त अग्लो डाँडा चढ्नुपर्छ ।

नेपाल टेलिकमको टावर बनेको तिन वर्ष पुगेको छ तर, टेलिकमको टावर बने पनि सञ्चालनमा नआउँदा यहाँका स्थानीय सञ्चार सेवाबाट टाढा रहेको वडाअध्यक्ष कृपा थापा मगरले बताउनुभयो । 'टावर बनेको तिन वर्ष बढी भइसक्यो । तर, अहिलेसम्म पनि टावरबाट सेवा पाएका छैनौँ ।' उहाँले भन्नुभयो । टावर सञ्चालनका लागि सम्बन्धी निकायमा भन्दा समेत वास्ता नगरेको वडाअध्यक्ष मगरको गुनासो छ ।

गाउँमा टावर नआउँदा नेपाल टेलिकमको टावर निर्माण गर्न लगाएको र लामो समयसम्म टावर सञ्चालन नआएको वडाअध्यक्ष मगरको भनाई । बोलङ्ग बोलङ्ग सहित रामेछापको गोठगाउँ र दोरम्बा शैलुङ्गमा एक्कै पटक टावरको भौतिक संरचना बनेर तयार हुँदासमेत सञ्चालनमा आउन सकेको छैन । नेपाल टेलिकम रामेछापका कार्यालय प्रमुख पन्च कुमार साहुले केहि उपकरणहरु आउन बाँकी रहेकाले टावर सञ्चालनमा ल्याउन नसकिएको बताउनुभयो ।

नेपाल टेलिकमका वरिष्ठ इन्जिनियर तुलसी राम श्रेष्ठले सार्वजनिक खरिद ऐनका प्रावधानका कारण उपकरण खरिदमा ढिलाई भएको बताउनुभयो । यहि फागुन महिनाभरीमा रामेछापको विभिन्न ठाउँमा निर्माण भएको तिन वटै टावर सञ्चालनमा ल्याईने उहाँले बताउनुभयो ।

## वितेको ५ वर्षमा रामेछापबाट २५ हजार बढी युवा वैदेशिक रोजगारीमा गए




वितेको ५ वर्षमा श्रम स्वीकृति लिएर रामेछाप जिल्लाबाट २५ हजार बढी युवा वैदेशिक रोजगारीमा गएका छन । सुरक्षित आप्रवास कार्यक्रम(सामी) रामेछापका अनुसार विगत ५ वर्षको अवधिमा २५ हजार ४ सय १० जना युवाहरु वैदेशिक रोजगारीमा गएका हुन ।

वैदेशिक रोजगारीमा जानेहरुमा महिलाभन्दा पुरुषको संख्या बढी रहेको छ । २० हजार २ सय ६८ जना पुरुषहरु विदेश गएकोमा ५ हजार एक सय ४२ जना महिलाहरु मात्रै वैदेशिक रोजगारीमा गएका छन ।

आर्थिक वर्ष २०७६/७७ मा २ हजार ९ सय १३ जना महिला र ६ सय ३७ जना पुरुष गरी ३ हजार ५ सय जना वैदेशिक रोजगारीमा गएका थिए । आर्थिक वर्ष २०७७/७८ मा १ हजार ७० जना पुरुष र २ सय ५६ जना महिला रोजगारीको शिलशिलामा विदेश गएका हुन ।

आर्थिक वर्ष २०७८/७९ मा ४ हजार ३ सय ४३ जना पुरुष र १ हजार १ सय ७ जना महिला विदेश गएका हुन । यसैगरी आर्थिक वर्ष २०७९/८० मा ६ हजार ५७ जना पुरुष र १ हजार ५ सय १५ जना महिला काम गर्न विदेश गएका हुन ।

आर्थिक वर्ष २०८०/८१ मा ५ हजार ८ सय ४ जना पुरुष र १ हजार ६ सय २७ जना महिला वैदेशिक रोजगारीमा गएका हुन । सुरक्षित आप्रवासन कार्यक्रम( सामी) रामेछापका परामर्शकर्ता क्षितिज घिसिङ्गले ईरामेछापलाई यो तथ्यांक उपलब्ध गराउनुभयो ।

वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरूको संख्या पछिल्लो समय बढ्दै

वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरूको संख्या पछिल्लो समय बढ्दै गएको छ। वैदेशिक रोजगारीको सिलसिलामा ३० वर्षमा ६८ लाख युवा विदेश गएका सरकारी तथ्याङ्कले देखाएको छ ।

वैदेशिक रोगजार विभागका अनुसार आर्थिक वर्ष २०५०/५१ देखि चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्ममा ६८ लाख युवा श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न देश गएका हुन् । नेपालबाट विशेषगरी मलेसिया, खाडी र युरोपेली मुलुक पुग्ने गरेका विभागका सूचना अधिकारी गुरुदत्त सुवेदीले बताउनुभयो । उहाँका अनुसार यो भारतबाहेकका अन्य मुलुकमा नेपाली युवा गएको सङ्ख्या हो ।

भारतमा १५ देखि १७ लाख नेपाली विभिन्न क्षेत्रमा कार्यरत रहेको सरकारी अनुमान छ । यसबाहेक व्यक्तिगत पहुँच वा अन्य उपायबाट विभागसँग श्रम स्वीकृति नलिई विदेश गएकाको सङ्ख्या भने सरकारी अभिलेखमा छैन ।

यसैबीच पछिल्लो १५ वर्षमा वैदेशिक रोजगारीमा गएका व्यक्तिमध्ये १४ हजारभन्दा बढीको मृत्यु भएको छ । वैदेशिक रोजगार बोर्डको सचिवालय स्थापना भएको आर्थिक वर्ष २०६५/६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजार दुई सय १३ जनाको मृत्यु भएको हो ।

# मर्क्योरले खोल्यो नेपालमा आफ्नो पहिलो होटलस् मर्क्योर काठमाडौँ सुकेधारा हाइट्स



**काठमाडौं–** सन् १९७३ देखि स्थानीय अनुभवहरू प्रदान गर्न समर्पित मर्क्योर नेपालमा यस ब्रान्डको पहिलो होटल मर्क्योर काठमाडौँ सुकेधारा हाइट्स उद्घाटनको सगर्व घोषणा गर्दछ।

काठमाडौँको मुटुमा अवस्थित यो नयाँ होटलले प्रत्येक ठाउँका मौलिकता प्रस्तुत गर्ने मर्क्योरको प्रतिबद्धता प्रतिबिम्बित गर्दै सबै यात्रुहरूलाई न्यानो र आत्मीय बसाइ प्रदान गर्दछ।

मर्क्योर काठमाडौँ सुकेधारा हाइट्सका सोचविचार गरेर डिजाइन गरिएका हरेक कोठामा काठमाडौँको भावना भरिएका छन्। पाहुनाहरूले अत्याधुनिक सुविधा, प्राकृतिक प्रकाश र फराकिलो दृश्यावली सहित शहर वरपरका डाँडाकाँडा र शानदार हिमालहरुका मनोरम दृश्यहरू देखिने सबै कोठाहरू रुम कन्फिगरेसनको दायराबाट छनौट गर्न सक्छन्।

परम्परागत नेपाली सजावटसँग आधुनिक डिजाइन मिसिएको भित्री भागहरूले यस ठाउँको समृद्ध सम्पदा झल्काउने आत्मीय वातावरण सिर्जना गर्दछ ।

होटलको अर्को आकर्षण भनेको विविधतायुक्त पकवानहरूको अनुभव पनि हो । दिनभरि चल्ने भोजन रेस्टुरेन्ट(DYNE) डाइनले अन्तर्राष्ट्रिय क्लासिक्सदेखि प्रामाणिक स्थानीय स्वादसम्मको मेनु प्रदान गर्दछ। (Sopra Italian) सोप्रा इटालियनले अथेन्टिक इटालियन खाना प्रदान गर्दछ भने (Zaiqa) जाइकाले परम्परागत भारतीय खाना र यसका मसलाहरूको बास्ना प्रदान गर्दछ।

थप आरामदायी वातावरण खोज्नेहरूका लागि (Sukra Bar) शुक्र बारले भित्री र बाहिरी दुवै सिटहरु भएको रूफटप लाउन्ज सेटिंग प्रदान गर्दछ जुन रोमान्चक दृश्यहरूको आनन्द लिनको लागि उत्तम छ।

पाहुनाहरूले होटलको रूफटप इन्फिनिटी पूलमा काठमाडौँ उपत्यकाका दृश्यहरू हेर्दै आराम गर्न सक्ने छन् भने स्टीम र साउना सुविधा सहितको अत्याधुनिक फिटनेस सेन्टरमा आफूलाई रिचार्ज गर्न पनि सक्नेछन्।

आफ्नो बसाइको समयमा पाहुनाहरूले यी सुविधाहरू लिन सक्छन् । मर्क्योर काठमाडौँ सुकेधारा हाइट्सले विवाहदेखि कर्पोरेट बैठक र सामाजिक उत्सवहरूसम्मका कार्यक्रम र जमघटहरूको लागि उपयुक्त स्थान पनि प्रदान गर्दछ। समर्पित कार्यक्रम टोलीले एक निर्बाध र यादगार अनुभव प्रदान गर्दै प्रत्येक अवसरलाई पूर्ण बनाउने छन्।

"मर्क्योर काठमाडौँ सुकेधारा हाइट्सको उद्घाटन एसियाभरि एकोरको विस्तार यात्रामा एक प्रमुख कोसेढुङ्गा हो। यो होटल हामीले सेवा गर्ने गन्तव्यहरूको समृद्ध संस्कृति र सम्पदाको उत्सव मनाउँदै यात्रुहरूलाई विशिष्ट र इमर्सिभ अनुभवहरू प्रदान गर्न प्रतिबद्ध छ।

मर्क्योर काठमाडौँ सुकेधारा हाइट्सले प्रत्येक स्थानको सम्पदा प्रबर्धन गर्ने हाम्रो लक्ष्यलाई मूर्त रूप दिन्छ", एकोरका प्रिमियम, मिडस्केल र इकोनोमी डिभिजन, एसियाका चिफ अपरेटिंग अफिसर गार्थ सिमन्सले भने।

"मर्क्योरसँग सहकार्य गरी यो सम्मानित ब्रान्डलाई नेपालमा ल्याउन पाउँदा हामी गौरवान्दित छौँ", द मेट्रोपोलिटन होटल प्राइभेट लिमिटेडका अध्यक्ष देश बन्धु बस्नेत (अजित) ले भने "नेपालको जीवन्त संस्कृति र परम्परालाई अँगाल्दै असाधारण आतिथ्य प्रदान गर्ने हाम्रो साझा दृष्टिकोण अनुसार यो साझेदारी गरिएको हो। मर्क्योर काठमाडौँ सुकेधारा हाइट्स अन्तर्राष्ट्रिय मापदण्ड र नेपालको समृद्ध सम्पदा दुवै प्रदान गर्दै पाहुनाका लागि विशेष अनुभवहरू सिर्जना गर्न प्रतिबद्ध छ।"

यात्रुहरूको रोमन देवता मर्क्युरीबाट प्रेरित मर्क्योर होटलहरू सुत्ने ठाउँ मात्र होइनन्, यी त गन्तव्यका पोर्टल हुन्, ठाउँहरूको खोज र अन्वेषण गर्ने न्यानो निमन्त्रणा हुन्।

सन् १९७३ मा स्थापना भएदेखि मर्क्योर पाहुनाहरूका लागि एक इमर्सिभ अनुभव सिर्जना गर्दै प्रत्येक गन्तव्यका सम्पदाहरू प्रबर्धन गर्न समर्पित छ। ६० भन्दा बढी देशहरूमा १,००० भन्दा बढी होटलहरूको विश्वव्यापी पोर्टफोलियो भएको र २२० भन्दा बढी अन्य संरचनाहरू विकास गर्दै गरेको मर्क्योर प्रत्येक गन्तव्यका मौलिकता प्रबर्धन गर्न समर्पित छ।

# गरिमा विकास बैंकको अठारौं वार्षिक साधारण–सभा सम्पन्न

काठमाडौं- गरिमा विकास बैंक लिमिटेडको अठारौं वार्षिक साधारणसभा मिति २०८१ पौष २९ गते शुक्रबार कास्की जिल्लाको पोखरा महानगरपालिका स्थित होटल पोखरा ग्राण्डमा सफलतापूर्वक सम्पन्न भएको छ ।



उक्त साधारण सभाले प्रस्तुत सम्पूर्ण प्रस्तावहरु सर्वसम्मत पारित गरेको छ ।विकास बैंकले आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सहित शेयरधनीहरुलाई वितरण प्रस्ताव गरेको ५% (कर सहित)को नगद लाभांस सर्वसम्मत पारित गरेको छ ।

त्यसैगरि उक्त साधारण सभाबाट आगामी कार्यकालका लागि संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने ३ जना संचालकहरु दिलिप प्रताप खाँड, श्याम प्रसाद बस्याल र दिपेन्द्र श्रेष्ठ साथै सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने ३ जना संचालकहरु विमल पाण्डे, शोभाकान्त ढकाल र आयुष्मा कोईराला सर्वसम्मतीबाट निर्वाचित गर्ने निर्णय गरेको छ ।

साधारणसभा पश्चात लगतै बसेको संचालकहरुको बैठकले दिलिप प्रताप खाँडलाई सञ्चालक समितिको अध्यक्ष पदमा सर्वसम्मत मनोनित गर्ने निर्णय गरेको छ ।

हाल बैंकको चुक्ता पूँजी रु ५ अर्ब ६८ करोड ५ लाख १७ हजार ३ सय २७ रहेको छ । साधारणसभाले पारित गरेको लाभांस २०८१ पौष १७ गते कायम रहेका विकास बैंकका शेयरधनीहरुले नगद लाभांस प्राप्त गर्नेछन् ।

विकास बैंकले हाल देशभर १२३ शाखा कार्यालयहरु, १ एक्स्टेन्सन काउण्टर र ५१ एटिएमका साथै नविनतम डिजिटल बैंकिङमार्फत सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रवाह गर्दै आईरहेको छ।

# न्यारोबडी जहाज सि–चेकका लागि क्यानमै अल्झियो प्रक्रिया

काठमाडौं- नेपाल वायुसेवा निगमको (एन-एकेडब्लु) कलसाइनको न्योरोबडी जहाज सि-चेक प्रक्रिया नागरिक उड्डयन प्राधिकरणमै अल्झिएको छ। एमआरओ कम्पनीको आवश्यक कागजात नपुगेका कारण प्रक्रिया अगाडि बढ्न नसकेको प्राधिकरणका एक कर्मचारीले बताए।

'निगमले छनोट गरेको एमआरओ कम्पनीको आवश्यक बाँकी कागजात आज प्राप्त भएको छ,' उनले भने, 'हामी सक्दो चाँडो जहाज सि-चेकमा पठाउने गरी काम गरिरहेका छौं।। यो बीचमा निगमले केही कागजपत्र ढिला बुझाएका कारण ढिलाइ हुन गएको हो।'

यता निगमले भने नागरिक उड्डयन प्राधिकरणले प्रक्रिया पूरा गर्ने भन्दै दुई सातादेखि ढिलाइ गर्दै आएको जनाएको छ।

'हामीले पुस २६ गते जहाज सि-चेकमा पठाएर माघ ८ गते रिलिज गर्ने तयारी गरेका थियौं। तर नागरिक उड्डयन प्राधिकरणले सि-चेक गर्ने आफ्नो मान्यता अन्तर्गत हुनुपर्ने जनाएपछि सबै प्रक्रिया अगाडि बढायौं,' उनले भने, 'तर ढिलासुस्ती हुनुको कारण नै बुझिएन।'

उनका अनुसार जहाज सि-चेकको समय ८ दिनको रहेको छ। निगमको एउटा न्यारोबडी जहाज नहुँदा विभिन्न गन्तव्यतर्फको उडान प्रभावित भएको उनले जानकारी दिए।

# महालक्ष्मी विकास बैंकद्धारा रिकरिङ्ग बचत खाता सञ्चालन

काठमाडौँ- हालक्ष्मी विकास बैंकद्धारा बालबालिकाहरुको भोलिको दिनहरुमा आइपर्न सक्ने वित्तीय आवश्यकतालाई सानै उमेरदेखी नै सम्बोधन गर्ने गरी बचत मै मुद्धती सरहको ब्याज पाइनेमहालक्ष्मी बाल बचत रिकरिङ्ग डिपोजिट एकाउण्ट सञ्चालनमा ल्याएको छ ।

यस खाता अन्तर्गत बचतकर्ताले १ वर्ष देखी १० वर्ष सम्म मासिक वा त्रैमासिक रुपमा एक निश्चित रकम निरन्तर रुपमा बचत गर्न सक्नेछन् यसबाट १ वर्षको व्यक्तिगत मुद्धती बराबरकै ब्याजको लाभ लिन सक्नेछन ।

अभिभावकद्धारा सञ्चालन गर्न सकिनेयस खातामा अवधी समाप्ती पश्चात एक मुष्ट रकम प्राप्त गर्न सकिनेछ । मुद्धती खाता जस्तो धेरै रकम पनि नचाहिने, मात्र रु ५०० बाट समेत शुरुवात गर्न सकिने, ब्याज पनि आकर्षक पाइने, भोलिको दिनमा एकमुष्ट प्राप्त हुने रकमबाट आफ्नो बालबालिकाहरुको शिक्षा दिक्षा तथा अन्य वित्तीय आवाश्यकताहरुको परिपूर्ति गर्न समेत सहज हुनेभएकोले महालक्ष्मी बाल बचत रिकरिङ्ग डिपोजिट खाता ग्राहकहरुको लागि एक उत्तम खाता हुन सक्ने विश्वास बैंकले लिएको छ ।

बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ ।




# स्किल वीक २०२५ को समापन समारोहमा ४ जना व्यक्तित्व स्किल हिरो अवार्डबाट सम्मानित

काठमाडौं- स्किल वीक २०२५ छैठौं संस्करण समापन समारोह आज सोमबार द सोल्टी होटेलमा आयोजित विशेष कार्यक्रमको बीच उद्यमीहरू, सरकारी कूटनीतिज्ञहरू, र १०० इच्छुक उत्साहीहरुको उपस्थितिमा भव्यताका साथ समापन गरियो ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको उपस्थिति रहेको थियो ।

स्किल वीक एक हप्ते कार्यक्रम थियो जसमा बिभिन्न सिपमुलक तालिमहरु लगायत सिपयुक्त कार्यशाला, तालिम, केस स्टडी, लगायत मनोरन्जनलाई मध्य नजरमा राख्दै सिपलाई बिभिन्न आयामबाट प्रस्तुत गर्ने कोशीस गरिएको थियो ।




कलकारखाना, शैक्षिक संस्था एवम बिभिन्न निकाय सँगको साझेदारीको लक्ष्य लिइ सिपमुलक रोजगारीका अवसर, बढदो सिप प्रतिको महत्व, ब्यापार, सेवा, आधुनिक प्रबिधी देखी लिएर कला तथा संस्कृति झल्किने किसिमले सिपको महत्व उजागर गर्ने लक्ष्यलिई स्किल वीक कार्यक्रम जनवरी ६ देखि जनवरी १३ सम्म सन्चालन भएको थियो ।

यस कार्यक्रममा ४ फरक सीप क्षेत्रहरू प्रदर्शन गरिएको थियो जसमा कला र संस्कृति, उद्दमशीलता, पर्यटन तथा आतीथ्य, एवम बिज्ञान तथा प्रबिधी रहेका थिए ।

यसै बिच यिनै चार बिधामा चार अत्यन्त प्रेरणादायक व्यक्तित्वहरुलाई स्किल हीरो अवार्ड २०२५ उपाधीबाट सम्मानित गरिएको थियो । कलाको पहिलो स्तम्भ अन्तर्गत, नेपाली गायक र गीतकार सुशान्त केसी लाई सम्मान गरिएको छ।

आफ्ना सुमधुर संगीत र अर्थपूर्ण गीतहरूसँग सुशान्त केसी नेपाली समकालीन संगीतका एक प्रसिद्ध कलाकार हुन् । उनका गीतहरूले प्रायः नेपाली र पश्चिमी प्रभावहरूलाई मिश्रण गर्छन्, जसले गर्दा स्थानीय र अन्तर्राष्ट्रिय श्रोताहरूको मन जित्न सफल भएका छन् । सुशान्तका गीतहरूले प्रायः व्यक्तिगत अनुभव, प्रेम, बिछोड, र भावनात्मक सम्बन्धलाई झल्काउँछन्। संगीतमार्फत् कथा भन्नसक्ने उनको क्षमताले उनलाई विश्वभरका श्रोताहरूको मनमा स्थान दिलाएको छ।

आमालाई समर्पित उनका चर्चित गीत "आमा" ले धेरै मानिसको भावनालाई छुने काम गऱ्यो र नेपाली संगीतमा एक अमर कृतिका रूपमा रहिरहनेछ ।

त्यसैगरी, उद्यमशीलता विधामा स्किल हिरो को रूपमा नेपाली सामाजिक उद्यमी र खालिसिसी म्यानेजमेन्ट प्रा.लि.की संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत आयुषी केसी लाई सम्मान गरियो।

खालिसिसीले फोहोर बेच्ने व्यक्तिहरूलाई १३,००० भन्दा बढी फोहोर उद्यमीहरूको सञ्जाल, जसलाई "खालिसिसी फ्रेन्ड्स" भनिन्छ,सँग जोड्ने काम गर्छ, जसले नेपालमा कुशल पुनः प्रयोग र फोहोर व्यवस्थापनलाई सहज बनाएको छ ।

२०१८ मा, आयुषीलाई फोर्ब्सको ३० अन्डर ३० एसिया सूचीको सामाजिक उद्यमी वर्गमा समावेश गरिएको थियो। साथै, २०१९ मा उनलाई सामाजिक उद्यमशीलताको क्षेत्रमा योगदानको कदर गर्दै एशिया सोसाइटीको २०१९ को सदस्यका रूपमा पनि सम्मानित गरिएको छ ।

# बैंकिङ प्रणालीमा तरलता थुप्रिंदा आधार दर ५.१३% सम्म आइपुग्यो,

काठमाडौं- पछिल्लो एक वर्षमा वाणिज्य बैंकहरुको औसत आधार दर २.७ प्रतिशत विन्दुले घटेको छ । २०८०/०८१ को पुसमा औसत ९.४४ प्रतिशत रहेको वाणिज्य बैंकहरुको आधार दर अहिले ६.७४ प्रतिशतमा झरेको हो।

आर्थिक गतिविधि बढ्न नसकेर कर्जाको माग सुस्त भइ लगानीयोग्य रकम (तरलता) थुप्रिएसँगै बैंकहरुले घटाउँदै आएको निक्षेपको ब्याजदरले लागत घटेर आधार दर तल आएको हो।

बैंकहरुले पछिल्लो डेढ वर्षयता निक्षेपको ब्याजदर घटाउँदै आएका छन्। जसले गर्दा आधार दर घटेको हो।

अहिले तीनवटा वाणिज्य बैंकको आधार दर ६ प्रतिशतभन्दा तल छ। स्ट्याण्डर्ड चार्टर्ड, एभरेष्ट र राष्ट्रिय वाणिज्य बैंकको बेस रेट ६ प्रतिशतभन्दा तल आएको हो।

स्ट्याण्डर्ड चार्टर्डको आधार दर ५.१३ प्रतिशतमा आइपुगेको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको ५.६४ प्रतिशत र एभरेष्ट बैंकको ५.८४ प्रतिशतमा झरेको छ।

पोहोर पुसमा स्ट्याण्डर्ड चार्टर्ड बैंकको आधार दर ७.५६, राष्ट्रिय वाणिज्य बैंकको ८.२५ र एभरेष्ट बैंकको ८.८७ प्रतिशत थियो।

एनआईसी एशिया र हिमालयन बैंकको आधार दर ७.५२ प्रतिशत छ।

आधार दर घट्नु भनेको नै ऋणको ब्याजदर सस्तो हुनु हो। बैंकहरुले आधार दरमा अधिकतम ५ प्रतिशतसम्म प्रिमियम थपेर ऋण दिन्छन्। तर कर्जाको माग अपेक्षाजनक रुपमा बढ्न सकेको छैन्।

६/७ प्रतिशत स्थिर ब्याजदरको स्किम ल्याउँदा समेत कर्जाको माग बढ्न नसकेको बैंकरहरु बताउँछन् । राष्ट्रिय वाणिज्य बैंकका सीइओ देवेन्द्ररमण खनालले ब्याजदर घटेपनि कर्जाको माग खासै बढ्न नसकेको बताए ।

'अपेक्षाजनक रुपमा कर्जाको माग बढ्न सकेको छैन। माग नबढेपछि ब्याजदर घट्ने नै भयो,' उनले भने, 'निक्षेपको ब्याजदर घट्दा त्यसको प्रभाव सिधै कर्जाको ब्याजदर पर्छ। लागत कम हुँदा आधार दर कम भइ कर्जा सस्तिएको हो।'

## खेलकुद

# टेनिस खेलाडी अभिषेकले टुंग्याए यूटीआर टुर



काठमाडौं– नेपाली व्यावसायिक टेनिस खेलाडी अभिषेक बाँस्तोलाले जापान यूटीआर प्रो टेनिस टुरको यात्रा टुंग्याएका छन् ।

जापानको नोडामा भएको प्रतियोगिताको मेन्स सिंगल्सको प्लेअफ फाइनलमा अभिषेक जापानका सेइया नाकानिशीसँग सोझो सेटमा पराजित भए । उनले ६-४, ६-४ ले खेल गुमाए । उनले पाँचौ स्थानको प्लेअफ फाइनल खेलेका हुन् ।

त्यसअघि अभिषेकले प्लेअफ सेमिफाइनलमा जापानका युसुके योसिकावालाई ६-४, ६-३ ले पराजित गरी फाइनलमा पुगेका थिए ।

कुल २० हजार अमेरिकी डलर पुरस्कार राशीको यूटीआर प्रो टेनिस टुरको सहभागितालाई अभिषेकले उपलब्धिपूर्ण रहेको बताए । उनले टुरमा ६ खेल खेल्ने अवसर पाएका थिए ।

'आफ्नो वरीयता सुधारमा यो टुरले निकै सहयोग हुनेछ । जापानका शीर्ष खेलाडीहरूसँग खेल्न पाएँ । यसले आफ्नो गेम सुधार्न धेरै मदत गरेको छ । यो सिजनको पहिलो प्रो टुर थियो । समग्रमा राम्रो भयो,' अभिषेकले भने, 'यहाँ अलि जाडो रहेको र हावाका कारण अझ मैले सोचे जस्तो प्रदर्शन गर्न सकिनँ ।'

उनी अर्को साता यूटीआर दुबई टुर खेल्न यूएई जाने भएका छन् ।

# सिटी फेरि पुरानै लयमा

काठमाडौं- इंग्लिस प्रिमियर लिगमा म्यानचेस्टर सिटी फेरि पुरानै लयमा फर्केको छ र उसले आइतबारको खेलमा इपस्विच टाउनलाई सजिलै ६-० ले पराजित गऱ्यो ।

रेलिगेसनको दबाबबाट गुज्रिरहेको इपस्विचविरुद्ध सिटीका लागि फिल फोडेनले दुई गोल गरे । यस्तै एक गोल इर्लिङ हालान्डको नाममा पनि रह्यो ।


यो जितपछि सिटी ३८ अंकमा लिग तालिकाको चौथो स्थानमा उक्लेको छ । यो शीर्ष स्थानमा रहेको लिभरपुलसँग १२ अंकको दूरी हो ।

तेस्रो स्थानमा रहेको नटिंघम फरेस्टले पनि साउथह्याम्पटनलाई ३-२ ले हरायो । उसको भने ४४ अंक भएको छ । अन्य खेलमा



ब्राइटनले म्यानचेस्टर युनाइटेडलाई ३-१ र एभरटनले टोटनहमलाई ३-२ ले हरायो ।

# रियल फेरि शीर्ष स्थानमा




काठमाडौं- केयलिन एमबापेले गरेको दुई गोलको मद्धतले रियल म्याड्रिडले स्पेनी ला लिगामा आइतबार लास पाल्मासलाई ४-१ ले हराएको छ र अंक तालिकाको शीर्षमा उक्लेको छ ।

यो जितपछि रियलले आफ्नो छिमेकी एटलेटिको म्याड्रिडलाई दुई अंकले उछिनेको हो । यसअघि एटलेटिको लेगानेसको हातबाट स्तब्धपूर्ण ढंगले पराजित रहेको थियो । बार्सिलोना भने गेटाफेविरुद्ध बराबरीमा रोकिएको थियो ।

लिग तालिकाका तीनै टिमले समान २० खेल खेल्दा रियलको ४६, एटलेटिकोको ४४ र बार्सिलोनाको ३९ अंक छ ।

अन्य खेलमा एथलेटिको बिलबाओले सेल्टा भिगोलाई २-१ ले हरायो र अंक तालिकाको चौथो स्थानमा रह्यो । उसको पनि ३९ अंक नै छ ।

# नेपाल इन्जिनियरिङ कलेजमा साइबर सुरक्षा संगोष्टी




काठमाडौं- नेपाल इन्जिनियरिङ कलेजमा साइबर सुरक्षाका नवीनतम प्रविधि र चुनौतिहरु बारे सरकारी क्षेत्र, विद्यार्थी, व्यवसायिक, तथा प्राविधिक क्षेत्रका व्यक्तिहरू विचको महत्वपूर्ण सम्मेलन सम्पन्न भएको छ ।

मंगलबार र बुधबार सम्पन्न साइबर सुरक्षा संगोष्टीमा सहभागीहरुले नेपालको साइबर कानुन, साइबर सुरक्षा, अपराध र चुनौतिका सवालमा छलफल र बहस गरे ।

संगोष्टीको उद्घाटन गर्दै कलेजका प्राचार्य दुर्गाप्रसाद भण्डारीले पछिल्लो समय इन्टरनेटको माध्यमबाट धेरै अपराधहरु भइरहेको तथा साइबर सम्बन्धी नेपालको विद्यमान कानुन, नीति र व्यवसायिकताका बारेमा कलेजका विद्यार्थीहरुलाई सचेतना दिन संगोष्टी आयोजना गरिएको बताउनु भयो । साइबर सुरक्षा संगोष्टीबाट विद्यार्थीहरुले साइबर कानुन, साइबरमा जोखिम र सामाजिक, आर्थिक प्राविधिक ज्ञान प्राप्त गर्ने विस्वास व्यक्त गर्नुभयो ।

संगोष्टीको पहिलो दिन आयोजित प्यानल छलफलमा राष्ट्रिय साइबर सुरक्षा केन्द्रका निर्देशक तथा प्रवक्ता राजकुमार महर्जनले सरकारले साईबर अपराध, साइबर सुरक्षा र कानुनलाई बलियो बनाउन काम गरिरहेको बताउनु भयो ।

उहाँले सरकारी तवरबाट आम नागरिकलाई साइबर सम्बन्धी सचेतना दिने कार्यसँगै कानुनमा रहेका कमजोरीहरु सुधार गर्न सक्रियताका साथ कार्य भइरहेकोले सामाजिक सञ्जाल, इन्टरनेटका माध्यमबाट हुने अपराध बारे सबैले जानकारी राख्नुपर्नेमा जोड दिनुभयो ।

संगोष्टीमा बोल्दै राष्ट्रिय साइबर व्यूरोका एसपी दीपकराज अवस्थीले नेपालको साइबर कानुन, साइबर अपराधका बारेमा सहभागीहरुलाई जानकारी गराउनु भयो । उहाँले पछिल्लो पुस्ता साइबर अपराधमा जोडिनु दुखःद भएको बताउँदै नेपालमै रहेर भिओआईपी प्रयोग गरेर साइबर अपराध गर्ने क्रम बढेको र त्यस्ता कार्य गर्दा कुनै न कुनै दिन फसिने भएकोले विद्यार्थीहरुलाई त्यस्ता कार्यमा संलग्न नहुन अनुरोध गर्नुभयो ।

कलेजका सहायक प्राचार्य मोहनध्वज केसीले साइबर सुरक्षा संगोष्टीले विद्यार्थीहरुलाई साइबर सुरक्षा, कानुन र अपराधका बारेमा ज्ञान दिने जिकीर गर्नुभयो । उहाँले इन्टरनेटको माध्यमबाट हुने अपराधहरु बारे विशेषगरी युवा पुस्ता विद्यार्थीहरुले बढी जानकारी लिनुपर्नेमा जोड दिनुभयो ।

इसेवाका इन्जिनियर सुदिप पाठकले निजी क्षेत्रले खासगरी रकम भुक्तानी सम्बन्धी साइबर सुरक्षा, समस्या र चुनौति तथा अपनाउनु पर्ने सावधानीका बारेमा जानकारी दिनुभयो । संगोष्टीमा साइबर प्राइभेट लिमिटेडका प्रमुख कार्यकारी अधिकृत आशिष खनाल, ल इम्पेरियलका प्रबन्ध निर्देशक सुरेन्द्र तिवारी, मेरो शिक्षाका संस्थापक अनुप उप्रेती, आइसिटी अवार्ड विजेता क्रिमसन टेकका रुकेश दुवाल, कलेजका कम्प्युटर डिपार्टमेन्टका प्रमुख जीतबहादुर बोहरा, विद्यार्थी कल्याण समितिका अध्यक्ष विष्णुप्रसाद भण्डारी लगायतको सहभागीता रहेको थियो ।

दुई दिनसम्म चलेको साइबर सुरक्षा संगोष्टीमा कलेजमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुको उल्लेख्य सहभागीता रहेको थियो ।

# पृथ्वि जयन्ती "राष्ट्रिय एकता दिवश" भव्य रुपमा सम्पन्न



काठमाडौं- राष्ट्रिय एकताका प्रतिक श्री ५ बडा महाराज धिराज पृथ्वी नारायण शाहको आज ३०३ औं जन्म जयन्ती धुमधामसँग मनाएको छ । काठाडौको सिंहदरवार अगाडी स्थापित पृथ्विनारायण शाहको सालिक रहेको स्थानमा सर्वसाधरणहरुको बाक्लो उपस्थितिमा राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीमा राष्ट्रपति रामचन्द्र पौडेलले पृथ्वीनारायण शाहको सालिकमा पगी माल्यार्पण गरी भव्य रुपमा मनाइएको हो ।

उक्त कार्यक्रममा सर्वसाधरणहरुले पृथ्वि नारायण शाहको सालिकमा फुल गुच्छा, माला चढाएर राष्ट्रिय एकताका प्रतिकको रुपमा सम्झेका छन् । सर्वसाधरण स्वत स्फुर्त पृथ्वि नारायण शाहलाई सम्झिन पुगेका थिए । त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीले पृथ्विनारयण शाहको जन्म जयन्ती तथा राष्ट्रिय एकता दिवशको अवसर पारेर चियापान भेटघाट कार्यक्रम राखेको थियो । उक्त कार्यक्रममा राष्ट्रका पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा, माधव कुमार नेपाल लगायतका देशका उच्च पदस्थ व्याक्तित्वहरुको उपस्थिति रहेको थियो । अन्तराष्ट्रिय निकायका र रसियाका राजदुत लगायत व्याक्तित्वहरुको उपस्थिति रहेको रहेको थियो ।

भृकुटी मण्डपस्थित राप्रपाद्धारा आयोजित चियापान कार्यक्रममा नेपाली भेषभुषा सहित कलाकारहरुले राष्ट्रिय एकताको प्रतिकलाई सम्मान गरेका छन् । सोही अवसर पारेर सोही स्थानभित्र रक्तदान कार्यक्रम पनि गरिएको छ । भने देशका बिभिन्न जातजातीहरुका सांस्कृतिक झाँकी समेत देखाईएको छ ।

# दिनेश त्रिपाठीमाथि भएको आक्रमणको विरोधमा कानुन व्यवसायीहरूको प्रदर्शन

काठमाडौं- कानुन व्यवसायीहरूले वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भएको भौतिक आक्रमणको विरोधमा प्रदर्शन गरेका छन् ।

आइतबार सर्वोच्च बार एशोसिएशनको अगुवाइमा कानुन व्यावसायीहरूले नेपाल बार एशोसिएशनको प्राङ्गणमा प्रदर्शन गरेका हुन् ।

कानुन व्यवसायीहरूले घटनामा संलग्नहरूलाई कानुनी कारबाहीको दायरामा ल्याई कडा कारबाही गर्न माग गरे ।

विधिको शासनमा अदालतमा पक्ष र विपक्षका बीचमा बहस गर्न पाउने जो सुकैलाई पनि अधिकार रहेको भन्दै कानुन व्यवसायीहरूले सरकारसँग सुरक्षाको समेत माग गरेका छन् ।

गत बुधबार रवि लामिछाने जोडिएको सहकारीका पीडितको पक्षबाट बहस गरेर फर्किंदै गर्दा अदालत परिसरमै त्रिपाठीलाई एउटा समूहले लछारपछार गरेको थियो ।

उनका अनुसार, इजलासबाट




निस्किनासाथ उनलाई सुरुमा युट्युबरहरूले घेरेका थिए ।

बहसबारे सोधिएपछि आफूले केही बोल्न खोज्ने क्रममा 'थुनाएर पैसा फिर्ता हुन्छ भन्दै एउटा हुलले आएर दुर्व्यवहार गरेको त्रिपाठीको भनाइ छ ।

यसपछि दुर्व्यवहारमा संलग्नलाई खोजेर नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । अदालतले लामिछानेलाई ६० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ ।

# राप्ती र नारायणी नदीमा ३५२ घडियाल गोही भेटिए

चितवन- राप्ती र नारायणी नदीमा तीन सय ५२ वटा घडियाल गोही भेटिएका छन् । चितवन राष्ट्रिय निकुञ्जले हालै गरेको गणना तथा अनुगमनका क्रममा राप्ती नदीमा दुई सय छ र नारायणी नदीमा एक सय ४६ वटा गोही भेटिएका हुन् ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले पुस १२ गतेदेखि १४ दिन लगाएर गरिएको गणनामा सो सङ्ख्यामा गोही भेटिएका बताए । गणनामा निकुञ्जका नौ कर्मचारी र माझीहरू सहभागी भएका थिए ।

गतवर्ष गरिएको सर्वेक्षणमा राप्तीमा एक सय ५२ र नारायणीमा एक सय १३ वटा गोही भेटिएका थिए । त्यसबेला राप्ती र नारायणीमा तीन-तीनवटा भाले भेटिएकामा यस वर्ष राप्तीमा दुई र नारायणीमा तीन गरी पाँचवटा भाले भेटिएका छन् ।

यसवर्ष एउटा भाले नभेटिए पनि समग्रमा सङ्ख्या भने बढेको छ । गणना हुनुअघि राप्तीमा ४१ वटा गोही छोडिएकाले पनि सङ्ख्या बढेको सूचना अधिकारी थापामगरले बताउनुभयो । निकुञ्जले गत पुस महिनामा राप्तीमा थप २० वटा गोही छोडेको थियो ।

गत आर्थिक वर्षमा एक सय पाँच वटा गोही प्राकृतिक बासस्थानमा छाडिएकामा चालु आवमा थप ४० वटा गोही छोड्ने योजना रहेको छ । यहाँ नदी किनारबाट गोहीका अण्डा सङ्कलन गरेर प्रजनन केन्द्रमा कोरलेर बच्चा हुर्किएपछि नदीमा छोड्ने गरिन्छ ।

हालसम्म राप्ती, नारायणीसहित देशका विभिन्न नदीमा दुई हजार १८ गोही छाडिसकिएका छन् । हाल प्रजनन केन्द्रमा सात सय ३९ गोही रहेका छन् ।

घडियाल गोही सङ्टापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बङ्गलादेश, भूटान, म्यान्मालगायत देशहरूमा समेत पाइने घडियाल हाल नेपाल र भारतमा मात्रै पाइन्छन् ।

सन् १९४० को दशकमा यसको सङ्ख्या विश्वमा १० हजार जति रहेको पाइन्छ । सन् १९७० मा त्यसको दुई प्रतिशत मात्रै सङ्ख्या अस्तित्वमा रहेको पाइएपछि संरक्षणमा चासो बढ्दै गएको संरक्षणकर्मी बताउँछन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २२, २०८१ साल माघ ८ गते मंगलबार (Jan 21, 2025)

# “किन इन्डिया” गर्‍यो सन् २०२४मा १४५ जनाको उद्धार




काठमाडौं- मानव बेचबिखन विरुद्ध काम गर्दै आएको संस्था ‘किन इन्डिया’ ले सन् २०२४ मा १४५ जनालाई उद्धार गरेको छ ।

सो संस्थाले भारतका विभिन्न सहरहरूमा बेचबिखनमा परेका र बेचबिखनमा पर्ने उच्च जोखिममा रहेका नेपाली तथा भारतीय महिला तथा बालबालिकासहित केही पुरुषहरूको उद्धार गरेको हो ।

सोमबार दिल्लीस्थित ‘किन इन्डिया’ को कार्यालयमा सम्पन्न बोर्डको बैठक पश्चात् एक विज्ञप्ति जारी गर्दै सो संस्थाले १४५ जनाको उद्धार गरिएको जानकारी दिएको छ । बैठकमा संस्थाका बोर्ड सदस्यहरू, नेपाल टिमका सदस्यहरू तथा साझेदार संस्थाका प्रतिनिधिहरू र शुभचिन्तकहरूको भर्चुअल उपस्थिति समेत रहेको थियो । बैठकमा संस्थाद्वारा पछिल्लो एक वर्षमा गरिएका कामहरूको समीक्षा गर्नुका साथै आगामी दिनहरूमा गरिने कामहरूको योजना निर्माण गरिएको संस्थाका निर्देशक नवीन जोशीले जानकारी गराए ।

संस्थाका नेपाल संयोजक इन्द्रराज भट्टराईका अनुसार सन २०२४ मा नेपाल र भारतमा गरी २६ वटा घटनामा आरोपितहरू विरुद्ध मुद्दा दर्ता भएको छ । संस्थाले हाल जीएसआइएफ, शुभ अवसर ग्राम नेपाल, शक्ति समूह लगायत संस्थासँगको सहकार्यमा काम गरिरहेको उनले बताए ।

उद्धार तथा स्वदेश फिर्तीको क्रममा संस्थालाई सहयोग गर्ने नेपाल सरकारका विभिन्न निकाय, नेपाल प्रहरी, साझेदारी संस्था तथा नेपाली राजदूतावास, भारतीय प्रहरी तथा भारत सरकारका विभिन्न निकायहरू र प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्णमा संस्थाले धन्यवाद समेत दिएको छ ।

अन्तराष्ट्रिय

# रिहा हुने ३३ बन्धकहरूको सूचीमा परेनन् विपिन



काठमाडौं- प्यालेस्टिनी समूह हमासले पहिलो चरणमा रिहा गर्ने बन्धकको सूची दिएसँगै गाजामा युद्धविराम लागू भएको छ । इजरायली प्रधानमन्त्रीको कार्यालयले आइतबार विज्ञप्ति जारी गर्दै स्थानीय समयअनुसार बिहान ११:१५ (नेपाली समयअनुसार ३:००) बजेदेखि युद्धविराम लागू भएको जनाएको हो ।

हमासको नियन्त्रणमा रहेका नेपाली नागरिक विपिन जोशी युद्धविरामको पहिलो चरणमा नछुट्ने भएका छन् । हमासले युद्धविरामको पहिलो चरणमा रिहा हुने ३३ बन्धकहरूको सूची दिएपछि इजरायलले सार्वजनिक गरेको छ । सार्वजनिक सूचीमा विपिनको नाम भने समावेश छैन । ‘लर्न एन्ड अर्न’ कार्यक्रमअन्तर्गत कृषिसम्बन्धी अध्ययनका लागि इजरायल पुगेका विपिनलाई हमासले सन् २०२३ अक्टोबर ७ मा अलुमिम किबुजबाट बन्धक बनाएको थियो ।

युद्धविराम भएको पहिलो दिन आइतबार तीन बन्धक रिहा भएका छन् । डोरोन स्टेनब्रेचर, एमिली डमारी र रोमी गोनेन आइतबार साँझ रिहा भएका हुन् । उनीहरू तीनै जनालाई रेडक्रसको टोलीले गाजाबाट इजरायल ल्याएको हो । इजरायलका अनुसार उनीहरू तीनै जना २०२३ अक्टोबर ७ देखि हमासको नियन्त्रणमा थिए । इजरायलले पनि महिला र बालबालिकासहित ९० जना प्यालेस्टिनी कैदीहरू रिहा गरेको छ ।

कतारसहित अमेरिका र इजिप्टको मध्यस्थतामा इजरायल र हमासबीच युद्धविराम सम्झौता भएको हो । युद्धविरामको दोस्रो र तेस्रो चरणको कार्यान्वयनका विषयमा पहिलो चरणको १६ औं दिनदेखि थप छलफल गरिने सम्झौतामा उल्लेख छ । सम्झौताअनुसार दोस्रो चरणमा गाजाबाट इजरायली सेना पूर्ण रूपमा फिर्ता हुने र त्यसको सट्टा हमासले सैनिकलगायत थप बन्दी रिहा गर्नेछ । तेस्रो चरणमा अन्तर्राष्ट्रिय पर्यवेक्षणमा गाजामा गरिने ३ देखि ५ वर्षे पुनर्निर्माण योजनाको बदलामा हमासले बाँकी बन्धक वा शव फिर्ता गर्ने जनाइएको छ ।

हमासले गाजा क्षेत्रको युद्धविराममा ढिलाइ गरेको भन्दै इजरायलले आइतबार बिहान गाजामा आक्रमणसमेत गरेको थियो । आक्रमणमा कम्तीमा १९ जनाको ज्यान गएको र २५ जनाभन्दा बढी घाइते भएका सीएनएनले जनाएको छ । ६ साता लामो युद्धविरामका क्रममा हमासले ३३ जना रिहा गर्ने सम्झौतामा उल्लेख छ । युद्धविराम सुरु भएसँगै आन्तरिक रूपमा विस्थापित हजारौं गाजावासीहरू आफ्नो घर फर्कन थालेका छन् ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सार्वजनिक तस्बिरहरूमा कपडा तथा अन्य सामान बोकेका मानिसहरू घर फर्कंदै गरेका लामो लाइन देखिएको छ । त्यस्तै, प्यालेस्टिनी झण्डा बोकेका मानिसहरूले भरिएका कार तथा सवारीसाधनहरू देखिएका छन् । संयुक्त राष्ट्रसंघीय प्यालेस्टिनी शरणार्थी संस्थाले खाद्यान्न र पीठोले भरिएका हजारौं ट्रकहरू गाजा प्रवेश गर्न पर्खिरहेको जनाएको छ । ‘गाजामा प्रवेश गर्नका लागि सहायता सामग्री बोकेका ४ हजार ट्रकहरू तयार छन् । तीमध्ये आधाले खाना र पीठो बोकेका छन्,’ संस्थाले भनेको छ ।


युद्धविराम लागू भएसँगै इजरायलको अति दक्षिणपन्थी यहुदी पावर पार्टी बेन्जामिन नेतान्याहु नेतृत्वको गठबन्धन सरकारबाट अलग भएको छ । उक्त दल गठबन्धन सरकारबाट अलग भएसँगै नेतान्याहु सरकारको झिनो बहुमत बाँकी छ । दलका तर्फबाट राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन-गभिरसँगै विकासमन्त्री यित्जाक वासेरलाउफ र सम्पदामन्त्री अमिचाई इलियाहुले पनि राजीनामा दिएका छन् ।

गभिरले हमाससँगको युद्धविरामलाई ‘आतंकवादको विजय’ भन्दै राजीनामा दिएका हुन् । त्यस्तै, रिलिजियस जियोनिस्ट पार्टीका प्रमुख तथा अर्थमन्त्री बेजलेल स्मोट्रिचले पनि युद्धविराम सम्झौताप्रति असहमति जनाएका छन् । गाजा युद्धविराम हमाससँगको आत्मसमर्पण र गम्भीर गल्ती भएको जनाउँदै उनले सरकार छाड्ने धम्की दिएका छन् ।

हमासले इजरायलमा गरेको आक्रमणपछि विपिनसहित २ सय ५१ जनालाई बन्धक बनाएर लगेको थियो । तीमध्ये नेपालका विपिनका साथै तान्जानियाका १, थाइल्यान्डका ८ र इजरायलका ८४ सहित ९४ जना अझै हमासको नियन्त्रणमा छन् । हमासले सन् २०२३ अक्टोबर ७ मा गरेको आक्रमणमा इजरायलमा १२ सयको ज्यान गएको थियो ।

त्यसलगत्तै हमास र इजरायलबीच युद्ध चर्किएको हो । गाजास्थित स्वास्थ्य मन्त्रालयका अनुसार अक्टोबर ७ यताको युद्धमा ४६ हजार ९ सय प्यालेस्टिनीले ज्यान गुमाइसकेका छन् । तीमध्ये एक तिहाइभन्दा बढी बालबालिका छन् । इजरायलतर्फ १४ सयभन्दा बढीको ज्यान गएको छ ।

# गाउँमै इटा उद्योग चलाएर महिनामा एक लाख बचत गर्दै प्रमोद




इलाम- सूर्योदय नगरपालिका-१० फिक्कलका प्रमोद सापकोटाले नजिकैको शान्तिगोलाईमा इँटा उद्योग सुरु गरेको ६ वर्ष भयो । उनले २२ वर्षका उमेरमा ‘डिप्लोमा इन इलेक्ट्रिकल इञ्जिनिर’ उत्तीर्ण गरेर गाउँ फर्किएका थिए ।

‘पन्ध्र लाख लगानीमा सुरु गरेको उद्योगमा हाल ४५ लाख लगानी पुगेको छ,’ उनले भने, ‘अहिलेसम्म साना-ठुला गरी ४ सय ५० भवन निर्माणमा ३ लाख ५० हजार भन्दा बढी इँटा प्रयोग भइसकेको छ ।’

उद्योगमा सात जनाले रोजगारी समेत पाएका छन् । महिनामा सात हजार इँटा उत्पादन हुन्छ । एक हजार मौज्दात राखेर सबै बिक्री गर्ने गरिएको उद्यमी सापकोटाले बताए । ‘नगरपालिकाले नै इँटाको प्रतिगोटा मूल्य ५२ रुपैयाँ निर्धारण गरिदिएको छ,’ उनले भने, ‘कच्चापदार्थ महँगो छ । सबै खर्च कटाएर १७ प्रतिशत नाफा हुन्छ । महिनामा त्यस्तै १ लाख जति बचत छ ।’

ढुङ्गाको धुलो, धोएको खस्रो बालुवा, ५३ ग्रेटको ओपिसी सिमेन्ट, सुपर प्लास्टिक साइजरलगायतका कच्चापदार्थ प्रशोधन गरेर ईको इँटा तयार गरिने प्रमोदले बताए । उनले भने, ‘यी सामग्री दाउन्ने, झापाको बिर्तामोड र सुपर प्लास्टिक साईजर चैं उडिसाबाट ल्याउने गरिएको छ ।’

उद्योगको उत्पादनले इँटाको माघ धान्न सकेको छैन । सूर्योदय नगरपालिका क्षेत्रमा नै धेरै माघ हुने गरेकाले जिल्लाका अन्य पालिकातिर माघ पूरा गर्न नसकिएको स्वस्तिका सापकोटा(भट्टराई)ले बताए । ईको इँटा भूकम्प प्रतिरोधी र वातावरणमैत्री हुने भएकाले यसको माघ बढिरहेको उनको भनाइ छ । उनले भने, ‘पालिकाले निर्माण गर्ने भवनमा हरित निर्माण सामग्री प्रयोग गर्ने भनिएको छ । त्यस्मा हाम्रो उत्पादन प्रयोग गर्नेगरि छलफल चलेको छ । त्यो सम्झौता भएमा उद्योगले उत्पादन अनिवार्य वृद्धि गर्नुपर्छ ।’

सापकोटा दम्पतीलाई घर-गाउँ छोडेर बिदेसिन मन छैन । “जे गर्छु नेपालमै गर्छु, जति गर्छु नेपालकै लागि गर्छु भन्ने लाग्छ,’ प्रमोदले भने, ‘आजभन्दा ६ वर्षअघि रु १५ लाख लगाएर उद्योग खोल्ने मेरो एउटा साहस नै थियो । त्यो बेला अमेरिका अस्ट्रेलिया वा कोरियातिरै गएको भए पनि अहिलेसम्म एक-दुई करोड कमाई त हुन्थ्यो होला । तर, गाउँको स्वच्छ हावा, परिवार, समाज र नेपाली माटोको सुगन्ध त्यो भन्दा महँगो लाग्यो । हामी यहीँ खुसी छौँ ।’

कोरोना लहरका बेला निजी तथा सरकारी निर्माण प्रभावित भएसँगै इँटाको माग घट्दा व्यवसायी उद्योग सञ्चालन गर्नेतर्फ निरुत्साहित बनेका थिए । प्रमोदसँग पनि कोभिड-१९ का बेला उद्योग बन्द गर्नुपरेको तीतो स्मरण छ । उनले भने ,‘महामारीमा उद्योग ठप्प भयो । भर्खर सुरु भएको उद्योग बन्द गर्नुपर्दा निराशा आएको थियो । पुनः स्थिति सुधार भयो । अब त डर छैन ।’

स्थानीय तहमै स्वरोजगार भइरहेका युवा उद्यमीलाई नगरपालिकाले प्रोत्साहन गर्ने गरेको नगरप्रमुख रणबहादुर राईले बताए । अनुदानमा सहुलियत दिएर युवालाई स्वरोजगार बन्न प्रोत्साहित गरिरहेको उनको भनाइ छ । उद्योगमा ईको इँटा मात्र होइन, कङ्क्रिट इँटा, कबर ब्लक, फुलको गमला, तुलसीको मोठ, तारजाली पिल्लरसमेत उत्पादन हुने गरेको छ ।

# लमजुङमा अलैंची बिक्रीबाट २२ करोड आम्दानी

लमजुङ- अलैंचीबाट लमजुङ जिल्लामा यसपटक २२ करोडको आम्दानी भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ लमजुङका निमित्त वरिष्ठ कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा उत्पादित १५० मेट्रिक टन अलैंची किसानले बिक्री गरेका छन् ।

यस वर्ष जिल्लामा प्रतिकिलो एक हजार पाँचदेखि दुई हजार चार सयसम्ममा अलैंची बिक्री भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका किसानले २५१ मेट्रिक टन अलैंची बिक्री गरी २४ करोड आम्दानी गरेका थिए । मिजारका अनुसार गत वर्ष जिल्लाका किसानले प्रतिकिलो एक हजार २०० का दरले अलैंची बिक्री गरेका थिए । गत वर्षको तुलनामा यस वर्ष उत्पादन घटेको हो ।

त्यसैगरी, आर्थिक वर्ष २०७९/८० मा ३८० मेट्रिक टन अलैंची बिक्रीबाट २० करोड आम्दानी भएको थियो । उक्त वर्ष प्रतिकिलो अलैंची कम्तीमा ५५० देखि सात सयसम्म बिक्री भएको थियो ।

आ.व २०७८/७९ मा ३३५ मेट्रिक टन अलैंची बिक्री गरी १५ करोड आम्दानी भएको थियो । आव २०७७/७८ मा तीन हजार पाँच सय क्विन्टल अलैंची बिक्री गरी १८ करोड २० लाख आम्दानी भएको थियो । आव २०७६/७७ मा जिल्लामा दुई हजार क्विन्टल अलैंची बिक्री गरेर किसानले १२ करोड आम्दानी गरेका थिए । त्यसैगरी, आ.व २०७५/७६ मा सात सय ५० क्विन्टल अलैंची बिक्री गरी किसानले पाँच करोड २५ लाख आम्दानी गरेका थिए ।

जिल्लामा सबैभन्दा धेरै मर्स्याङ्दी गाउँपालिकाका किसानले अलैंची उत्पादन गर्ने गरेका छन् । यहाँको वडानम्बर ५ सन्जापुका स्थानीयले मात्र यस वर्ष ६ हजार सात सय केजी अलैंची बिक्री गरी एक करोड ५० लाख आम्दानी गरेको सन्जापु अलैंची कृषक समूहका अध्यक्ष कामकाशि गुरुङले बताए । गाउँका करिब ६० घरधुरीले लगाएको अलैंचीखेतीबाट उक्त आम्दानी भएको हो ।

भारतको एकाधिकारका कारण किसानको मागअनुसार अलैंचीको मूल्य नपाएको गुनासो भए पनि यस वर्ष केही राहत महसुस गरेको किसानहरुको भनाइ छ ।

जिल्लामा सात सय ५० हेक्टर क्षेत्रफलमा अलैंचीखेती हुँदै आए पनि तीन सय ७५ हेक्टर क्षेत्रफलमा उत्पादन हुँदै



आएको उक्त कार्यालयले जनाएको छ । उक्त परियोजनाले अलैंची जोन पकेट क्षेत्रका रुपमा मर्स्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होँलासोथर गाउँपालिका, दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैंची उत्पादन हुने गरेको छ ।

जिल्लामा सात सय मिटरदेखि एक हजार दुई सय मिटर उचाइमा साउन्ने, जिर्मले र डम्बर शाही, एक हजार दुई सय मिटरदेखि १६ मिटर उचाइमा गोलशाही र एक हजार छ सयदेखि दुई हजार दुई सय मिटर उचाइमा रामशाही र भलाङे जातका अलैंची बिरुवा लगाइएका छन् । यहाँ विसं २०४१ बाट अलैंचीखेती विस्तार हुँदै आएको हो ।

# जैविक विविधता संरक्षण हाम्रो कृषिको मूल आधार हुनुपर्छ : गगन थापा



**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सरकारले ल्याउँदै गरेको कृषि विधेयकमा कृषिको जैविक विविधता संरक्षणको विषयलाई महत्त्वका साथ उठाउनुपर्ने बताएका छन् ।

सोमबार काठमाडौंमा आयोजित तेस्रो राष्ट्रिय जैविक विविधता सप्ताहको समापन समारोहलाई सम्बोधन गर्दै महामन्त्री थापाले सरकारले कृषि विधेयक ल्याउन लागेको र कृषिको जैविक विविधताको विषय ऐनमा समेट्न अहिले राम्रो अवसर रहेको बताए ।

उन्ले कृषि विधेयक २० गतेभित्र संसदमा दर्ता गर्ने मन्त्रालयको तयारी रहेको थापाले जानकारी दिए । 'अहिलेसम्म कृषिअन्तर्गत हामीले दर्जनौं कानुन बनाए पनि यसको मूल कानुन अहिलेसम्म नबनाउँदा नेपाली कृषि क्षेत्रको दिशा कुन हुने भन्ने स्पष्ट थिएन,' उनले भने, 'कृषिले जुन गति र लय समात्नुपर्ने थियो, त्यहाँ हाम्रा केही ग्यापहरू छन् ।'

कृषि मन्त्रालयले बनाउँदै गरेको कृषि विधेयक एउटा महत्त्वपूर्ण दस्तावेज बन्ने महामन्त्री थापाले दाबी गरे । 'यसपटक सरकारले ल्याउने कानुनमा कृषिको जैविक विविधताको विषय नेपालको कृषिको मूल विषय हो भन्ने कुरा पार्न सक्नुपर्छ,' उनले भने ।

रैथाने बीउबिजन, उत्पादन, जैविक विविधताको संरक्षणलाई विधेयकमा महत्त्वपूर्ण स्थानमा दिनुपर्ने उनले बताए । 'खासगरी रैथाने बीउबिजन, उत्पादन यो सबै जैविक विविधताको संरक्षणसँग जोडिन्छ,' उनले भने, 'कृषि जैविक विविधताको संरक्षण हाम्रो कृषिको मूल आधार बन्छ कि बन्दैन भन्नेकुरा यो कानुनले टुंग्याउँछ ।'

महामन्त्री थापाले जलवायु परिवर्तनसँग जोडिएका विषयहरू महत्त्वका साथ उठाइएको तर कृषि जैविक विविधताको विषय महत्त्वपूर्ण बन्न नसकेको स्वीकारे ।

# केयूको भीसी छनोट प्रक्रियामा किचलो, कार्यविधि पुनर्विचार गर्न समिति अनिर्णित



काठमाडौं- काठमाडौं विश्वविद्यालयको उपकुलपति छनोट प्रक्रियामा विलम्ब भएको छ । ४ माघमा केयू सभाले कार्यविधिमा पुनर्विचार गर्न समितिलाई निर्देशन दिएको थियो । समितिले सभाको औपचारिक पत्र नपाएपछि छनोट प्रक्रिया अलमलमा परेको छ ।

सभामा भएको निर्णयलाई स्पष्ट पार्न समितिले ताकेता गरिरहेको छ । 'सिनेटमा छलफल भएको सुनेको हो । औपचारिक जानकारी आएको छैन, प्रष्टता आओस्,' छनोट समितिका सदस्य डा. अर्जुन कार्कीले भने, 'हामीले गर्ने काम र अपेक्षा गरेकोमा तादम्यता मिलोस् भनेर हो ।'

केयूका मेडिकलका डाक्टरहरूले आवेदन दिन नपाएपछि प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीलाई कार्यविधि परिमार्जन गर्न निवेदन दिएका थिए । त्यसपछि कुलपति ओलीले कार्यविधिको मापदण्डमा परिमार्जन गर्न निर्देशन दिएका थिए । कार्यविधिमा मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा सो सरहको उपाधि प्राप्त हुनुपर्ने भनिएको छ । यो प्रावधानमा मेडिकलको सबैभन्दा ठूलो प्राज्ञिक योग्यता एमडी, एमएस र एमडीएस नसमेटिने डाक्टरहरूको तर्क छ ।

मेडिकलको सबैभन्दा ठूलो प्राज्ञिक योग्यतालाई कार्यविधिमा समेट्न डाक्टरहरूले माग गर्दै आएका हुन् । प्रधानमन्त्री एवं कुलपति ओलीको निर्देशनलाई समेत समितिले नमानेको आशंका डाक्टरहरूको छ ।

'समितिले छलछाम गर्ने काम गरिरहेको छ । कुलपतिलाई पनि झुक्याउन खोजियो । प्रधानमन्त्रीले दिएको निर्देशनलाई अवज्ञा गर्न खोजेको आशंका छ,' केयू स्कूल अफ मेडिकल साइन्स फ्याकेल्टी काउन्सिलका अध्यक्ष प्रा.डा. सुवीन्द्र कार्कीले भने ।

२ माघमा बसेको सभाको एजेन्डामा यो विषय नभएको र माइनोट पनि नगरिएकाले समितिले कार्यविधि परिमार्जन गर्न आनाकानी गरेको जिकिर डाक्टरहरूको छ । 'छनोट समितिले सभाको माइनोट आएपछि काम अगाडि बढाउने आशय राखेको छ । २ गतेको सभामा केयू र धुलिखेलको मात्र एजेन्डा भएकाले माइनोटमा यो विषय नभएकाले आनाकानी गर्न खोजिएको आशंका छ,' अध्यक्ष कार्कीले भने ।

तर, छनोट समितिले स्पष्टता मात्र खोजेको दाबी समिति सदस्यहरूको छ । 'सिनेटले ठ्याक्कै भन्न खोजेको के हो स्पष्टता खोजेका हौं,' समिति सदस्य कार्कीले भने ।

यसअघि चिकित्सकहरू सर्वोच्च अदालत पनि गएका थिए । अदालतले अन्तरिम आदेश नदिएपछि डाक्टरहरूले उपकुलपतिका लागि आवेदन पाएका थिएनन् । त्यसपछि केयूकै कुलपति ओलीले भने सबैलाई समावेश गर्न निर्देशन दिएका हुन् । तर अदालतको आदेशलाई आधार मानेर छनोट समितिले कार्यविधि पुनर्विचार गर्न नचाहेको केयूका अधिकारीहरू बताउँछन् । 'अदालतको आदेशलाई टेकेर प्रक्रिया सुस्त गर्नेकाम भइरहेको छ,' अध्यक्ष सुवीन्द्र कार्कीले भने

छनोट समितिमा संयोजक केयूका पूर्वउपकुलपति सुरेशराज शर्मा, सदस्यमा डा. अर्जुन कार्की र पूर्वसचिव जनार्दन नेपाल छन् । सम्मानित र अभिभावकहरू नै समितिमा रहेकाले कार्यविधि परिमार्जन गरेर सबैलाई समेट्ने विश्वसा व्यक्त गर्छन् अध्यक्ष कार्की ।

'उहाँहरू अभिभावक हुनुहुन्छ । सम्मानित व्यक्तिमाथि लान्छना नलागोस् भन्ने अपेक्षा छ । छलछाम नगरी कार्यविधिमा परिमार्जन हुने आशा छ,' उनले भने, 'हामीले उपकुलपति बन्नै पर्छ भनेर होइन, आवेदन दिनबाट बञ्चित नगरियोस् भनेका हौं ।'

यसरी केयूको उपकुलपति छनोट प्रक्रिया विवादै विवादमा गिजोलिएको छ । समितिका संयोजक शर्मामाथि पनि प्रश्न उठेको छ । समितिका संयोजक शर्माका भान्जाले पनि आवेदन दिएपछि संयोजक शर्मामाथि नैतिक प्रश्न उठेको हो ।

प्रा.डा. नवीन पोखरेल र प्रा.डा. मनीष पोखरेलले उपकुलपतिका लागि उम्मेदवारी दिएका छन् । नवीन शर्माका आफ्नै भान्जा हुन् भने मनीष नजिकैका नातेदार पर्छन् ।

'समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मुल्यांकन प्रक्रियामा सहभागी हुन हुँदैन,' कार्यविधिमा भनिएको छ । छनोट प्रक्रियामा संयोजक शर्मा सहभागी हुन पाउने वा नपाउने भन्नेमा पनि विवाद भएको छ ।

उपकुलपति प्रा.डा. भोला थापाको कार्यकाल आइतबारबाट सकिएको छ । विवादका कारण केयूले नयाँ उपकुलपति कहिले पाउने हो अनिश्चत भएको छ । नयाँ उपकुलपतिका लागि १८ पुसमा आवेदन खुलाइएको थियो ।

**कामु उपकुलपति बन्न दौडधुप**

उपकुलपति छनोट प्रक्रिया लम्बिने भएपछि कामु उपकुलपतिका लागि पनि दौडधुप सुरु भएको छ । तत्कालीन उपकुलपति डा. रामकण्ड माकाजूको कार्यकाल सकिएपछि तत्कालीन रजिस्ट्रार भोला थापालाई कामु उपकुलपति बनाइएको थियो । त्यसपछि थापा नै केयूको उपकुलपति बने । उनको कार्यकाल आइतबार सकियो । फेरि कामु उपकुलपतिका लागि थापा पनि दौडधुपमा रहेको केयूका अधिकारीहरू बताउँछन् ।

'यसअघि रजिस्ट्रारलाई कामु बनाउने चलन थियो । यसपटक उपकुलपतिको कार्यकार सकिएर पनि कामु बन्न थापा सर नै लाग्नु भएको छ,' केयूका एक उच्च अधिकारीले भने । थापाले आगामी उपकुलपतिका लागि पनि आवेदन दिएका छन् । हाल केयूको रजिस्ट्रार अच्युत वाग्ले छन् । केयूको चलनअनुसार रजिस्ट्रर कामु हुने गरेकाले वाग्ले पनि दौडधुपमा छन् ।

'कुलपतिले कामु तोक्ने हो अब कसलाई तोक्नु हुन्छ प्रधानमन्त्रीलाई नै थाहा होला । तर, दुवै जना कामु बन्न दौडधुपमा हुनुहुन्छ,' केयूका एक उच्च अधिकारीले भने । वाग्लेले पनि आगामी उपकुलपतिका लागि आवेदन दिएका छन् ।

**साइबर अपराध बाट**

**आफू पनि जोगिऔ र अरूलाई पनि जोगाऔं**

## कविता



**अनिता खड्का**

फूल बनी फुल्न मन थियो
काँडा बनी खोप्न पुगेछु ।
माया भनी बोलाउन मन थियो
तर उसकै मन रोप्ने छुरा भएछु ।

इमान्दारी बन्छु भन्थे
तर बेमानी हुन पुगेछु ।
उसलाई मात्र माया गर्छु भन्थे
तर अरूसँग जवानि साट्न पुगेछु ।

म बाहेक अरुलाई मन नदेउ है प्यारी भनथ्यो
तर म चाहिँ अरुको मनसँग खेल्न पुगेछु ।

# बलिउड अभिनेता सैफ अली खानमाथि अज्ञात व्यक्तिल गरे चक्कु प्रहार




**काठमाडौं–** बलिउड अभिनेता सैफ अली खानमाथि चक्कु प्रहार भएको छ ।

बिहीबार बिहान साढे २ बजे उनको घरमा पसेको अज्ञात व्यक्तिले उनको गाला, पिठ्यूँ, हात र टाउकोमा चक्कु प्रहार गरेको भारतीय मिडियाले जनाएका छन् । उक्त घटनापछि सैफलाई लिलावती अस्पतालमा लगिएको थियो । त्यहाँ उनको सर्जरी गरिएको छ ।

लीलावती अस्पतालका सीओओ डा. नीरज उत्तमानीका अनुसार सैफमाथि ६ पटक चक्कु प्रहार गरिएको छ । तीमध्ये दुईवटा घाउ गहिरो छन् । मेरुदण्ड नजिकै समेत घाउ रहेको उनले बताएका छन् । यद्यपि, उनको स्वास्थ्य अवस्था भने स्थिर रहेको जनाइएको छ । सैफमाथि भएको घटनालाई लिएर प्रहरीले छानबिन सुरु गरिसकेको छ ।

प्रहरीका अनुसार एक व्यक्ति गए राति सैफको घरमा पसेर पहिले उनको घरेलु कामदारसँग झगडा गरेका थिए । जब ती व्यक्तिलाई सैफले शान्त पार्न खोजे, त्यसबेला उनीमाथि आक्रमण भएको जनाइएको छ । उक्त घटना लुटपाटको लागि भएको हुनसक्ने प्रहरीले प्रारम्भीक निष्कर्ष रहेको छ ।

# युवालाई निर्घात कुटपिट गर्ने प्रहरी निलम्बित

काठमाडौं- चितवनको भरतपुर महानगरपालिकाको बाइपास सडकखण्डमा सवारी जाँचका क्रममा युवकलाई कुटपिट गर्ने प्रहरी निलम्बित भएका छन् ।

कुटपिट गर्ने प्रहरी सहायक निरीक्षक (असइ) बुद्धिबहादुर भुजेललाई निलम्बन गरिएको हो ।

चितवनको भरतपुर-११ बसेनी चोकमा असइ भुजलले एक युवकलाई लात्तीले हानेर निर्घात कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रहरी प्रधान कार्यालयले चितवन प्रहरीलाई छानबिन गर्न निर्देशन दिएको थियो ।

लगत्तै चितवन प्रहरीले अनुसन्धानका लागि तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो ।

# स्ववियु निर्वाचन चैत ५ गते हुने




काठमाडौं- त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन आगामी चैत ५ गते गर्ने सहमति भएको छ।

त्रिविका शिक्षाध्यक्ष डा खड्ग केसीको अध्यक्षतामा आज बसेको विद्यार्थी कल्याण परिषद्को बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्य सचिव पशुपति अधिकारीले जानकारी दिए।

यसअघि त्रिविको शैक्षिक क्यालेन्डरमा स्ववियु निर्वाचन फागुन १५ गते गर्ने तोकिएको थियो। विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशकसमेत रहेका डा.केसीले कानुनी जटिलता आउने भएकाले अघिल्लो कार्यकालमा भएको समयमा नै स्ववियु निर्वाचन गर्ने निर्णय गरिएको बताए।

'वर्तमान कार्यसमितिको दुई वर्षको कार्यकाल रहिखएको छ। आगामी चैत ५ गते ठीक दुई वर्ष पुग्छ', उनले भने, 'कानुनी जलिटता नआओस् भनेर अघिल्लो पटक निर्वाचन भएको मितिमै निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्लाई सिफारिस गरिएको छ।'

यसअघि २०७९ चैत ५ गते स्ववियु निर्वाचन भएको थियो। प्रत्येक दुई दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमित रुपमा हुन सकेको थिएन।

विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक २०७३ चैत १५ गते भएको थियो। त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेक सम्पन्न भएको थियो। त्यतिवेला नौ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन।

स्ववियु निर्वाचन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ। निर्वाचनका लागि २८ वर्ष उमेर हद र मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ।

# लक्ष्मी सस्टेनेवल ईनर्जी फण्डको पहिलो वार्षिक साधारण सम्पन्न

काठमाडौं- लक्ष्मी सन्राइज बैंक, प्रायोजक र लक्ष्मी सन्राइज क्यापिटल, कोष व्यवस्थापक रहेको लक्ष्मी सस्टेनेवल इनर्जी फण्ड को पहिलो वार्षिक साधारण सभा सफलतापुर्वक सम्पन्न भएको छ ।

नवीकरणीय उर्जा तथा दिगो विकासलाई टेवा दिई आर्थिक समृद्धिको लागि लगानी गर्ने उद्देश्य रहेको यस कोषले विभिन्न जलविद्युत तथा दिगो उर्जा (क्याकतबष्लबदभि भ्लभचनथ) क्षेत्रमा लगानी गरेको छ ।

लक्ष्मी सस्टेनवल इनर्जी फण्ड, नेपाल धितोपत्र बोर्डबाट इजाजत पत्र प्राप्त प्राइभेट इक्विटी कोषको आकार एक अर्ब रुपैयाँको रहेको छ ।

कोषमा संकलित रकमको ९० प्रतिशत रकम दिगो उर्जा क्षेत्रमा लगानीका लागि विनियोजन गरेको छ र १० प्रतिशत रकम अन्य बिबिध क्षेत्रमा लगानी गर्ने कोषको योजना रहेको छ ।




# दुसित प्रिन्सेसलाई ट्रिप एड्भाइजरको उत्कृष्ट होटलको मान्यता

काठमाडौं- अन्तर्राष्ट्रिय अनलाइन ट्राभल साइट ट्रिप एड्भाइजरले पाँच तारे होटल दुसित प्रिन्सेसलाई उत्कृष्ट होटेलमध्ये प्रथम श्रेणीको मान्यता दिएको छ।

थाइल्याण्डको प्रसिद्ध होटल चेन दुसितको व्यवस्थापनमा रहेको होटलको विशेष आतिथ्य र सेवाका कारण यो मान्यता पाएको अध्यक्ष दोर्जे लामाले बताए।

'थाइ ब्राण्ड दुसितको उच्चस्तरीय व्यवस्थापनसँगै हामीलाई माया गर्दै आउनुभएका अतिथि, ट्राभल पार्टनर र सम्पूर्ण कर्मचारीको मेहेनतले यो सफलता प्राप्त गर्न सफल भएका छौं,' लामाले भने,'यो प्राप्तिले हामीलाई आतिथ्य क्षेत्रमा आफ्नो सेवा थप विस्तार गर्न प्रेरित गरेको छ।'

पाहुनाले दिएको रेटिङका आधारमा यो मान्यता प्राप्त गर्न सफल भएको उनले जानकारी दिए।

होटल ल्हासा इन्टरनेसनल समूहले अढाई अर्ब रुपैयाँ लगानीमा डेढ वर्षयता होटलको व्यवस्थापन सञ्चालन गरिरहेको छ। समूहको यो तेस्रो होटल हो। यसबाहेक उसले बौद्ध र लाजिम्पाटमा तिब्बत होटल सञ्चालन गरिरहेको छ।



१२ तल्ले होटलमा १०७ कोठा छन्। तीमध्ये ८२ वटा सुपेरियर, १० वटा डिलक्स, ८ वटा एक्जिक्युटिभ, ६ वटा जुनियर सुइट र एउटा प्रेसिडेन्सियल सुइट रुम हुन्। २५० जनासम्मको उपस्थितिमा कार्यक्रम गर्न मिल्ने प्रिन्सेस बलरुम पनि छ। इन्फिनिटी स्विमिङ पुल, फिटनेस सेन्टर, रेस्टुरेन्ट, साउना स्टिम, स्पालगायत सेवा होटलमा छन्।

# फोनपे पेमेण्ट सर्भिस लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं- फोनपे पेमेण्ट सर्भिस लिमिटेडको पाँचौं वार्षिक साधारण सभा गते एलिस कन्फरेन्स, पुल्चोक, ललितपुरमा सञ्चालक समितिका अध्यक्ष शशीन जोशीको अध्यक्षतामा सम्पन्न भएकोछ ।

उक्त कार्यक्रममा आ.व. २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान, हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरी फोनपेको शेयरधनीहरुलाई २०८१ अषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १०.५३ प्रतिशत नगद लाभांस (कर समेत) वितरण गर्ने निर्णय गरेको छ ।




# बैंकहरुको २ खर्ब राष्ट्र बैंकमा परिपक्व हुन बाँकी, बजारबाट फेरि ६० अर्ब उठाउँदै



काठमाडौं- नेपाल राष्ट्र बैंकले बजारबाट यसअघि उठाएको करिब २ खर्ब रुपैयाँ परिपक्व हुन बाँकी रहेको अवस्थामा तरलता व्यवस्थापनका लागि बैंकिङ प्रणालीबाट थप ६० अर्ब रुपैयाँ खिच्ने भएको छ।

बैंकहरुले ऋण लगानी बढाउन नसकेपछि राष्ट्र बैंकले बजारमा बढी भएको पैसा बोलकबोल उपकरणमार्फत २१ दिनका लागि तान्न लागेको हो।

राष्ट्र बैंकले तरलता फालाफाल भएका बैंक तथा वित्तीय संस्थासँग प्रस्ताव मागेको छ। राष्ट्र बैंकले यसअघि खिचेको १ खर्ब ९३ अर्ब रुपैयाँ परिपक्व भइसकेको छैन ।

# विद्युतीय सवारीमा भारतीय अटो उद्योगको जोड : एक्स्पोमा प्रमुख कम्पनीको इभी प्रदर्शन

दिल्ली- भारतीय अटोमोबाइल उद्योगले विद्युतीय सवारीसाधन उत्पादनमा सचेततापूर्वक ध्यान दिएर काम गरिरहेको देखिएको छ। नयाँ दिल्लीमा जारी ग्लोबल अटो एक्स्पोको सहभागिताले यसको पुष्टि गरेको हो।

एक्स्पोमा भारतका प्रमुख अटोमोबाइल कम्पनी सुजुकी, महिन्द्रा, टाटासँगै हुन्डाई, टोयोटा जस्ता कम्पनीहरूले आफ्ना विद्युतीय गाडीहरू प्रदर्शन गरेका छन्। सरकारले विद्युतीय सवारीसाधनहरूलाई प्रोत्साहन गर्न विभिन्न किसिमका अनुदान र नीतिहरू ल्याइरहेको छ। त्यहीअनुसार यो एक्स्पोमा सबै कम्पनीहरुले आफ्नो इभी उत्पादनहरु ल्याएका छन्।



जसमा हुन्डाईको क्रेटा इभी, सुजुकीको इ-भिटारा, टोयोटाको अर्बन क्रुज इभी, टाटाको सिएरा, अभिन्या कर्भ इभी र ह्यारियर इभी र महिन्द्राको बीई६ र एक्सईभी ९ई जस्ता नयाँ मोडलहरु एक्स्पोमा राखिएका छन्।

भारतको अटोमोबाइल उद्योग द्रुत गतिमा विद्युतीय सवारी विकास र उत्पादनमा अघि बढिरहेको छ। अटो एक्स्पोले यसको बलियो प्रमाण दिएको छ। यस एक्स्पोमा धेरै अग्रणी अटो निर्माताहरूले आफ्ना नवीनतम इलेक्ट्रिक कार र दुई पाङ्ग्रे सवारीसाधनहरू प्रदर्शन गरेका छन्। धेरै कम्पनीहरूले लामो दायरा, आधुनिक सुविधाहरू र आकर्षक डिजाइनहरू समावेश गरी आफ्ना नयाँ इलेक्ट्रिक कारहरू लन्च गरेका छन्।

संसारभरका सवारी निर्माता कम्पनीहरुका लागि भारत ठूलो बजार हो। अटोमोबाइल बजारको हिसाब निकाले का तेस्रो मुलुकका धेरैजसो कम्पनीहरुले आफैं तथा केहीले ज्वाइन्ट भेन्चरमा भारतमा प्लान्ट राखेका छन्।

ब्याट्री प्रविधिमा भइरहेको निरन्तर विकासले विद्युतीय सवारी साधनहरूको दायरा र प्रदर्शनमा सुधार गरिरहेको छ। अहिले भारतीय अटो उद्योगले ब्याट्री उत्पादनमा ठूलो लगानी गरिरहेका छन्।

अहिले यो वर्ष ठुला कम्पनीहरुले एक्स्पोमा इभीको भन्दा कुनै पनि उत्पादन त्यति देखिएन। अघिल्लो अटो एक्स्पोसम्म अधिकांश गाडी पेट्रोल/डिजल इन्जिनको बाहुल्यता थियो। दुई वर्षको अन्तरालमा यसपटक सबै इभीतर्फ गएको देखिएको छ।

यो वर्ष सबैभन्दा धेरै गाडी बिक्री गर्ने टाटा सुजुकी र हुन्डाईले पेट्रोल इन्जिन कुनै पनि मोडल एक्स्पोमा राखेनन्। उनीहरुले सबैले इभीलाई मात्रै प्राथमिकतामा राखेको देखिएको छ। आगामी दिनमा आउने मोडलहरु पनि सबै इभी छन्।

यस्तै विद्युतीय स्कुटर र मोटरसाइकलहरूको बजार पनि तीव्र रूपमा बढिरहेको छ। यसमा पनि प्राय सबै इभीमा सिफ्ट भइरहेको देखिएको छ। जसमा सुजुकीको ई एससेस होन्डा एक्टिभा इभी, एथर, ओला जस्ता ब्रान्डहरु इलेक्ट्रिक दुई पाङ्ग्रे ल्याएका छन्।

यस्तै कमर्सियलमा पनि इभी बस तथा ट्रकहरु प्रदर्शनीमा देखिएका छन्। जसमा टाटा, अशोक लेल्यान्ड, आइचर जस्ता कम्पनीहरुले इभी देखाएका हुन्।

अटो एक्स्पोले भारतको अटोमोबाइल उद्योग द्रुत गतिमा विद्युतीय सवारीसाधनतर्फ अघि बढिरहेको स्पष्ट पारेको छ।

सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं

◆ शिक्षा प्रत्येक बालबालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
◆ सबै बालबालिकालाई विद्यालयमा पुर्याऔं,
◆ प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सबैलाई साक्षर बनाऔं,
◆ शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
◆ शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,
◆ प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,
◆ शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
◆ साक्षरता कार्यक्रम सञ्चालन गरौं, साक्षर नेपाल निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार